**निर्वाचनको समयमा सामाजिक सञ्जाल प्रयोग गर्दा ध्यान दिऔं।**

❖गलत, भ्रामक वा द्धेषपूर्ण सूचना प्रवाह गर्न वा गराउन हुँदैन।

❖कृत्रिम बौद्धिकता (आर्टिफिसियल इन्टिलिजेन्स - एआई) को प्रयोग गरी वा नगरी निर्वाचनलाई प्रभाव पार्ने उद्देश्यले होच्याउन, दुष्प्रचार गर्न, द्धेषपूर्ण भाषण (हेट स्पिच) जस्ता भ्रामक टिकाटिप्पणी गर्न वा गराउन हुँदैन।

❖निर्वाचनलाई प्रतिकूल प्रभाव पार्ने वा अवरोध गर्ने गरी विचार राख्न, प्रचारप्रसार गर्न, कुनै विद्युतीय सामग्री उत्पादन गर्न तथा सामाजिक सञ्जालमा पोष्ट, रिपोष्ट, शेयर, कमेन्ट वा प्रतिकमेन्ट, लाइभ स्ट्रिमिङ, ट्याग वा मेन्सन गर्न र गराउन हुँदैन।

❖निर्वाचनमा प्रतिकूल प्रभाव पार्ने गरी सामाजिक सञ्जालमा झुटा साइट खोल्न वा सञ्चालन गर्न गराउनु हुँदैन।

❖एआईको प्रयोग गरी वा नगरी कुनै दल वा उम्मेदवारविरुद्ध कुनैपनि श्रव्य वा श्रव्यदृष्य सामग्री उत्पादन तथा प्रचारप्रसार गर्न गराउन हुँदैन।

❖निर्वाचन आचारसंहिता उल्लङ्घन भएको पाइए तत्काल निर्वाचन आयोग वा विज्ञापन बोर्डमा उजुरी गरौं।

निर्वाचनलाई स्वच्छ र मर्यादित बनाउन सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदूर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com





विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७
६६२०५५९



★ वर्ष : २८ ★ अङ्क : २१ ★ ने. सं. ११४६ शिल्ला गा, एकादशी ★ शुक्रबार ★ १ फागुन, २०८२ ★ February 13, 2026, Friday ★ मूल्य रु.५।– ★ पृष्ठ ८


## देशभक्त र स्वाभिमानी नेपाली तयारी गर्नेतर्फ सरकारको ध्यान जानु जरुरी छ

भक्तपुर, २९ माघ। "सबैलाई शिक्षित बनाएर देशको लागि आवश्यक जनशक्ति तयार गर्नु सरकारको दायित्व हो। देशभक्त र स्वाभिमानी नेपाली तयारी गर्नेतर्फ सरकारको ध्यान जानु जरुरी छ।"




उक्त भनाइ भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले लनर्स एकेडेमी सेकेन्डरी स्कूलको २५ औं वार्षिकोत्सव समारोह, एसईई २०८१ का विद्यार्थीलाई बिदाइ र विद्यार्थी प्रतिभा प्रस्फुटन कार्यक्रममा व्यक्त गर्नुभएको हो। उहाँले विद्यार्थीहरूलाई भक्तपुरको मौलिकताबारे विद्यालय तहदेखि सिकाउन सके भक्तपुरको सांस्कृतिक संरक्षण र पुस्तान्तरणमा टेवा पुग्ने बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुरको शैक्षिक उन्नयनमा भक्तपुरका संस्थागत विद्यालयहरूको महत्त्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै एसईईपछि उच्च शिक्षा अध्ययनको लागि नगरपालिकाले भक्तपुरमै ख्वप कलेजहरू सञ्चालन गरिरहेको बताउनुभयो।

प्रतिस्पर्धामा टिक्न नसक्नेहरू लोप हुने खतरा हुन्छ भन्दै उहाँले विद्यार्थी राम्रो भयो भने देशको भविष्य पनि उज्ज्वल हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाका गतिविधिहरूमा लनर्स स्कूलको पनि सक्रिय सहभागिता रहेको बताउँदै प्रमुख प्रजापतिले भक्तपुरको एसईई नतिजा शत प्रतिशत बनाउने प्रयास गरिरहेको बताउनुभयो।

शैक्षिक संस्थाहरू दक्ष जनशक्ति उत्पादन गर्ने जग भएकोले यसलाई मजबुत पार्नुपर्ने धारणा राख्दै उहाँले भक्तपुर नपाले यहाँका सम्पदाहरूलाई जनताको सहयोगमा पुन:निर्माण सम्पन्न गरिरहेको बताउनुभयो।

विद्यालयका प्रिन्सिपल मदन सुवालले विद्यालयको शैक्षिक प्रगतिबारे प्रस्ट पार्दै विद्यार्थीहरूलाई किताबी ज्ञानसँगसँगै व्यवहारिक र सामाजिक शिक्षामा पनि जोड दिँदै आएको बताउनुभयो।

प्रेरक वक्ता प्रितम पौडेलले भक्तपुरका विद्यालयमा विद्यार्थीहरूको अनुशासन उल्लेखनीय रहेको चर्चा गर्दै विद्यार्थीहरूलाई सधैं हौसला प्रदान गर्नेतर्फ शिक्षक र अभिभावकले जोड दिनुपर्ने बताउनुभयो।

प्याब्सन भक्तपुरका सचिव सुरेन्द्र श्रेष्ठले लनर्स स्कूलको शैक्षिक उपलब्धिमा विद्यालयको मेहनतले पनि महत्त्वपूर्ण भूमिका खेलेको बताउँदै भक्तपुरका विद्यालयहरूले न्यून शुल्कमा गुणस्तरीय शिक्षा प्रदान गरिरहेको बताउनुभयो।

कार्यक्रममा अभिभावक प्रतिनिधि गणेशप्रसाद आचार्य, विद्यार्थी स्तुती, शिक्षक सुनिता प्रजापतिलगायतले बोल्नुभएको थियो।

कार्यक्रममा नगर प्रमुख प्रजापतिलगायतका अतिथिहरूले लनर्सका एसईई २०८१ विद्यार्थीहरूलाई सम्मान तथा बिदाइ गर्नुभयो।

## अमेरिकासँगको व्यापार सम्झौताको भारतीय किसानद्वारा विरोध




नयाँ दिल्ली, २९ माघ (एएफपी)। अमेरिकी सामानमा कर घटाउने वासिङटनसँगको व्यापार सम्झौताले भारतीय कृषिलाई चोट पुऱ्याउने र कृषकको जीविकोपार्जनलाई खतरामा पार्ने चेतावनी दिँदै बिहीबार भारतीय किसानहरूले सम्झौताको विरोधमा नयाँ दिल्लीलगायतका प्रमुख सहरमा प्रदर्शन गरेका छन्।

गत हप्ता घोषणा गरिएको सम्झौतालाई किसान सङ्गठनहरूले भारतीय सङ्घीय सरकारले किसानलाई दिएको आश्वासनका बाबजुद अमेरिकी कृषि क्षेत्रका ठुला कम्पनीसमक्ष 'पूर्ण आत्मसमर्पण' भनेका छन्।

झन्डा फहराउँदै र ब्यानर बोकेका किसान र ट्रेड युनियनका सदस्यहरूले भारतका प्रमुख सहरहरूमा ऱ्याली गरे, केही स्थानहरूमा प्रहरीसँग सामान्य झडप भएको रिपोर्ट गरिएको छ।

आयोजकहरूले साझा गरेका तस्बिरमा हजारौं मानिसहरू सडकमा उत्रिएको देखिन्छ।

प्रमुख प्रतिपक्षी दलका नेता राहुल गान्धीले आफूले किसानको सङ्घर्षलाई साथ दिएको बताउनुभएको छ।

उहाँले सामाजिक सञ्जालमा लेख्नुभएको छ, "किसानहरू व्यापार सम्झौताले उनीहरूको जीविकोपार्जनमा असर पार्छ कि भन्ने चिन्तामा छन्।"

व्यापार सम्झौताका सर्तहरूअन्तर्गत, भारतले सबै अमेरिकी औद्योगिक वस्तुहरू र अन्य खाद्य र कृषि उत्पादनहरूमा कर हटाउने वा घटाउनेछ।

*बाँकी पृष्ठ ८ मा*

## समाजवादी व्यवस्थाको लागि राजनीतिक सचेतता जरुरी

भक्तपुर, २९ माघ। नेपाल मजदुर किसान पार्टी भ.न.पा. ४ वडा समितिको आयोजनामा प्रतिनिधिसभा निर्वाचन २०८२ मा नेमकिपाका उम्मेदवारलाई अत्यधिक बहुमतले विजय गराउन वडाका कार्यकर्ता, समर्थक तथा शुभचिन्तक महानुभावहरूको भेलाबाट ४ वडास्तरीय निर्वाचन परिचालन समिति गठन कार्यक्रम सम्पन्न भयो।

नेमकिपा भजिसका अध्यक्ष एवम् बाग्मती प्रदेश सभा सांसद सुरेन्द्रराज गोसाईले पार्टीको घोषणापत्र, पर्चा घरघरमा पुऱ्याई जनतालाई सचेत पार्ने, पार्टीको सिद्धान्त र विचार बुझेर आफ्नो कर्तव्य पूरा गर्नुपर्ने आवश्यकताबारे जोड दिनुभयो।

उहाँले अग्रज, अनुभवी बुद्धिजीवीसित अन्तरक्रिया तथा संवाद गरी व्यापक जनतालाई अभिप्रेरित गर्न सके विस्तारवादी, साम्राज्यवादी शक्तिबाट देश जोगाउन सकिने विचार व्यक्त गर्नुभयो।

समाजको आमूल परिवर्तन अर्थात् समाजवादी व्यवस्थाका लागि नेमकिपाका कार्यकर्ताहरू सङ्घर्षशील भइरहनुपर्ने विचार व्यक्त गर्दै उहाँले देश जस्तोसुकै होस् मन्त्री, प्रम बन्छु भन्ने विचार देशको हितमा नभएको स्पष्ट पार्नुभयो।

नागरिक अभिनन्दन गराई भीड जम्मा गरी देशमा शासन चलाउने राजतन्त्र टिक्न नसकेको दृष्टान्त दिँदै उहाँले नयाँ पार्टी भनी जनतालाई झुक्याउन खोज्ने एजेन्डाविहीन, विदेशी शक्तिबाट परिचालित उदयमान पात्रहरूबाट सचेत हुनुपर्ने आवश्यकता औंल्याउनुभयो।

भ्रष्टाचार, राजनीतिक भागबन्डा र लुटतन्त्रको कारण भदौ २३ को घटना घटेको बताउँदै उहाँले असमान सन्धि सम्झौताको विरोधमा उत्रने नेमकिपा देशभक्त पार्टी भएको बताउनुभयो।

नेमकिपा भक्तपुर नगर समितिका प्रतिनिधि पुरुषोत्तम तमखुले आसन्न निर्वाचनमा देशभक्त उम्मेदवारहरूलाई विजय गराई देशलाई सिक्किमीकरण हुनबाट जोगाउन नयाँ पुस्तालाई पनि प्रशिक्षित तुल्याउनुपर्ने आवश्यकतामाथि प्रकाश पार्नुभयो।

*बाँकी पृष्ठ ८ मा*

## वैदेशिक हस्तक्षेप स्वीकार्य नहुने

कैलाली, २९ माघ। नेपाल मजदुर किसान पार्टीको आठौं जिल्ला सम्मेलन तयारी समिति कैलालीको आयोजनामा नेमकिपाको ५२ औं स्थापना दिवस माघ २८ गते कैलालीको क्षेत्र नं. ४ अन्तर्गत गौरीगंगा नगरपालिकाको वडा नं.११ शिवपुरमा भेटघाट कार्यक्रम भयो।

कार्यक्रममा नेमकिपा कैलाली अध्यक्ष रमेशकुमार रावलले राजनीतिक व्यवस्था जस्तो छ त्यस्तै देशको नीति नियम बन्ने कुरा बताउँदै अहिलेसम्मका सरकारमा गएका शासक दलहरूले पुँजीवादी हितको निमित्त नियम बनाएकोले ती शासक दलहरू पुँजीवादी पार्टी भएको बताउनुभयो।

उहाँले नेमकिपा भनेको बहुसङ्ख्यक कामदारवर्गको हितको निमित्त स्थापना भएको पार्टी भएको प्रस्ट्याउँदै नेमकिपाले मजदुर र किसानहरूको हित अनुकूल नीति नियम बनाउने समाजवादी व्यवस्था स्थापनाको निम्ति सङ्घर्ष गरिरहेको बताउनुभयो।

उहाँले नेमकिपाले वैदेशिक हस्तक्षेपको सधैं विरोध गरिरहेको उल्लेख गर्दै भेनेजुयलाका राष्ट्रपति माडुरोलाई अमेरिकी राष्ट्रपति ट्रम्पले अपहरण गरेकोमा नेमकिपाले विरोध तथा भर्त्सना गरेको बताउनुभयो।

नेपाल क्रान्तिकारी महिला सङ्घका केन्द्रीय सहसचिव लक्ष्मी पुनले समाजमा जाति, धर्म तथा महिला पुरुषका आधारमा नभई वर्गका आधारमा विभेद हुने कुरा बताउँदै नेमकिपाले वर्गसङ्घर्षलाई जोड दिइरहेको बताउनुभयो। उहाँले बहुसङ्ख्यक काम गरी खाने मजदुर र किसानलाई थोरै पुँजीपतिवर्गले शासन गरिरहेको हुनाले कामदारवर्गले दु:ख पाइरहेको बताउँदै समाजवादी व्यवस्थाले मात्र कामदारवर्गको हित हुने भएकोले कामदारवर्गको शासन व्यवस्था ल्याउन सम्पूर्ण कामदारवर्ग एक हुनुपर्ने बताउनुभयो।

नेमकिपा कैलालीका सदस्य तथा प्रतिनिधिसभा सदस्य समानुपातिक उम्मेदवार तारा तिरुवाले नेमकिपा काम गरिखानेवर्गको हितको निम्ति स्थापना

*बाँकी पृष्ठ ८ मा*

## विश्वमा प्रभुत्व जमाउन खोज्ने अमेरिकी साम्राज्यवादको विरोध गर्नुपर्ने

सुर्खेत, २९ माघ। नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसको अवसरमा नेमकिपा सुर्खेतको आयोजनामा बिहीबार कार्यकर्ता भेला भयो।

कार्यक्रममा पार्टीका केन्द्रीय सल्लाहकार सदस्य नर्मा गुरूङले देश र जनतामा समर्पित 'श्रमिक' साप्ताहिक ३२ वर्ष पूरा गरी ३३ वर्षमा प्रवेश गरेकोमा शुभकामना व्यक्त गर्नुभयो।

उहाँले भन्नुभयो, "श्रमिक' साप्ताहिकले मजदुर-किसानलाई राजनीतिक र वर्गीयरूपमा सचेत गर्ने काम गरेको छ। समाजवादी विचारधारा, विश्वका न्यायोचित

*बाँकी पृष्ठ ८ मा*

*व्यङ्ग्यचित्रको कुनो*



# खवप सर्कलका शैक्षिक संस्थाहरूप्रति अभिभावक एवम् जनताको आशा रहेको छ



भक्तपुर, २९ माघ। "भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप सर्कलका शैक्षिक संस्थाहरूप्रति अभिभावक एवम् आम जनताको आशा रहेको छ। यो आशालाई जगाइराख्न शिक्षक/कर्मचारीहरूले अझ इमानदारीपूर्वक कर्तव्य पालन निर्वाह गर्नु आवश्यक छ।"

उक्त भनाइ भक्तपुर नगरपालिकाका प्रमुख एवं ख्वप कलेज एवं मा.वि. सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिले बिहीबार ख्वप मा.वि.मा कार्यरत शिक्षक तथा कर्मचारीहरूमाझ व्यक्त गर्नुभएको हो।

ख्वप कलेजहरूको शैक्षिक एवं भौतिक पूर्वाधार विश्वविद्यालय स्तरको रहे पनि शासक पार्टीहरूले विभिन्न बहाना बनाई स्वीकृति नदिएको उल्लेख गर्दै उहाँले भन्नुभयो, "भक्तपुरलाई लाई शैक्षिक गन्तव्यस्थल बनाउने र ख्वप विश्वविद्यालय स्थापना गर्ने लक्ष्य पूरा नभएसम्म भक्तपुर नगरपालिका निरन्तर लागिरहनेछ।"

विश्वविद्यालयको शिक्षा अनुसन्धानमूलक गतिविधिमा केन्द्रित हुनुपर्ने धारणा राख्दै प्रमुख प्रजापतिले ख्वप सर्कलका कलेजहरूले दिने शिक्षा अनुसन्धानमूलक हुनुपर्छ भन्नुभयो।

शिक्षक/प्राध्यापकहरू भनेका बुद्धिजीवी हुन्, बुद्धिजीवीहरूले देशलाई दिशा निर्देश गर्ने काम गर्छन्, यसतर्फ शिक्षकहरूले मनन गर्नुपर्छ, उहाँले भन्नुभयो।

कार्यक्रममा ख्वप कलेजका प्राचार्य प्रकाशकुमार श्रेष्ठले स्वागत गर्नुभएको थियो।

# राष्ट्रिय गाई प्रदर्शनीमा कामना कृषि फर्मको गाई सर्वोत्कृष्ट

नारायणगढ (चितवन), २९ माघ। चितवनमा आयोजित राष्ट्रिय गाई प्रदर्शनी प्रतियोगितामा रत्ननगरस्थित कामना कृषि तथा पशुपक्षी फर्मको अर्जुन ढकालको गाई सर्वोत्कृष्ट घोषित भएको छ। ४०० पुणाङ्कमध्ये ३६२.५ अङ्क प्राप्त गर्दै उक्त गाई प्रथम बनेको हो। दूध उत्पादनमा अग्रणी मानिएको चितवनमा पहिलोपटक यस प्रकारको प्रतिस्पर्धात्मक मूल्याङ्कनसहितको गाई प्रदर्शनी आयोजना गरिएको हो।

भरतपुरस्थित चितवन प्रदर्शनी केन्द्रमा जारी अन्तर्राष्ट्रिय डेरी प्रदर्शनी–२०८२ अन्तर्गत बुधबार आयोजित प्रतियोगितामा विभिन्न नश्लका गाईलाई एकै स्थानमा भेला गरी पशु विज्ञहरूले स्वास्थ्य अवस्था, दूधालुपन, शारीरिक बनावट, हिँडाइ तथा प्रजननयोग्यता लगायतका आधारमा मूल्याङ्कन गरेका थिए। चार सदस्यीय निर्णायक समूहले अङ्क प्रदान गरेको थियो।

प्रतियोगितामा शिवानी कृषि तथा पशुपक्षी फर्मका सञ्चालक शिवप्रसाद पौडेलको गाई ३५३.५ अङ्कसहित द्वितीय स्थानमा रह्यो भने कालिका पशु विकास केन्द्रका सञ्चालक चेतप्रसाद ढकालको गाई ३५२.५ अङ्कसहित तृतीय भयो। नोभा कृषि फर्मका सञ्चालक पदम तिवारीको गाई सान्त्वना स्थानमा परेको छ।

गाई प्रतियोगिताका प्रमुख निर्णायक कृषि तथा वन विज्ञान विश्वविद्यालय, रामपुरका एसोसिएट प्रोफेसर डा. गोकर्ण गौतम रहनुभएको थियो। त्यसैगरी गाई अनुसन्धान कार्यक्रम, रामपुरका विज्ञ डा. उद्धव पनेरु, किसान आयोगका वरिष्ठ पशु विकास अधिकृत डा. खगेन्द्र सापकोटा तथा अमेरिकी पशुविज्ञ डेनियल ली लेनी निर्णायक सदस्य रहनुभएको थियो।

निर्णायकहरूले प्रतियोगितामा सहभागी १७ वटा विभिन्न फर्मका गाईको स्वास्थ्य अवस्था, जातअनुसारको शारीरिक बनावट, हिँडाइ, दूधालुपन तथा प्रजनन योग्यतालगायतका आधारमा मूल्याङ्कन गर्नुभएको थियो। अन्य गाईको अङ्क पनि निकै नजिकै रहेको निर्णायक मण्डल संयोजक डा. गौतमले बताउनुभयो।

डा. गौतमले गाईको शारीरिक बनावट, थुनेलो लाग्ने सम्भावना, ब्याउन सजिलो वा गाह्रो हुने संरचनालगायतका विशेषताका आधारमा मूल्याङ्कन गरिएको जानकारी दिनुभयो। प्रदर्शनीमा ल्याइएका सबै गाई उत्कृष्ट रहेको उहाँको भनाइ थियो।

सो अवसरमा आयोजक संस्था चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लिमिटेडका अध्यक्ष किशोर बगालेले गाई प्रतियोगिता नेपालमा नयाँ अभ्यास भएको बताउनुभयो। आगामी दिनमा पनि यसलाई निरन्तरता दिइने उहाँले जानकारी दिनुभयो। विदेशमा यस्ता प्रतियोगिता टेलिभिजन र मोबाइलमार्फत प्रत्यक्ष प्रसारण गरिने भए पनि नेपालमा यस्तो अभ्यास न्यून रहेको उहाँको भनाइ थियो।

'डेरी उद्योगमा प्रविधि, अर्थतन्त्रमा समृद्धि' भन्ने नाराका साथ चितवन उद्योग सङ्घ र चितवन जिल्ला दुग्ध उत्पादक सहकारी सङ्घ लि.को संयुक्त आयोजनामा सञ्चालित अन्तर्राष्ट्रिय डेरी एक्स्पो–२०८२ बिहीबार समापन हुँदैछ। **रासस**

# कमलविनायकको औषधि पसलमा अनुगमन

भक्तपुर, २९ माघ। भक्तपुर नगरपालिका अनुगमन समितिका संयोजक राजकृष्ण गोराको नेतृत्वमा कमलविनायकमा रहेका ६ वटा औषधि पसलमा बिहीबार अनुगमन गरियो।

हेलो जनस्वास्थ्य फर्मा प्यान र औषधि विभागमा दर्ता भएको र नगरपालिकामा दर्ता भएको नाम फरक फरक भएकोले एउटामा दर्ता र नवीकरण गर्न, फ्रिजमा औषधिहरू कम्पार्मेन्टअनुसार व्यवस्थित तरिकाले राख्न, लागूऔषधको रूपमा प्रयोग गर्ने नारकोटिक औषधि प्रिस्क्रिप्सनको फोटोकपि लिएर मात्र बिक्रीवितरण गर्न र म्याद नाघेको औषधि केसिट्रल १ जफत गरी नष्ट गरियो।

कमलविनायक फर्मा तीन दिनभित्र नवीकरण गर्न, फ्रिजमा फ्रिजिङ नयाँ सिस्टमअनुसार तापक्रम मिलाई औषधि व्यवस्थित रूपमा राख्न र म्याद नाघेको औषधि तीन महिना अगाडिदेखि नै व्यवस्थापन गर्न निर्देशन दिइयो।

यातु औषधि पसल तीन दिनभित्र नवीकरण गर्न, औषधि पसलका कागजातहरू पसलमै राख्न, म्याद नाघेको



औषधि इन्सुलिन डिग्लुडेक र हेरिगार्ड जफत गरी नष्ट गरियो।

विनायक फर्मामा म्याद नाघेको औषधि फर्मिड्ड, जुफेक्स, ओभिरोन, जेलर, गावापेन्टिन, टोर्सेनाइड, नाप्रोबेस्ट, कोलिसडोल, ड्रोस्पान, इटोमाक्स, ओरिन्जोल, अपिहिस्त, कोम्प्लिविट गार्ड, रेसिल्ड र फोस्कल नष्ट गरियो।

खोपे फार्मेसी क्लिनिक प्रा.लि.मा म्याद नाघेको औषधि ओमेप्राज, फ्लोरलिना, पामाकेयर, निम फेसवास, ओसिआ, सान्टुर, पीएमएस नष्ट गरियो भने तीन दिनभित्र नवीकरण गर्न निर्देशन दिइयो।

कमलविनायक पोलि क्लिनिक प्रा.लि.२०७९/०८० पछि नवीकरण नगरेकोले तीन दिनभित्र नवीकरण गर्न र फ्रिजमा फ्रिजिङ्ड सिस्टम नयाँ सिस्टमअनुसार व्यवस्थित गर्न निर्देशन दिइयो।

अनुगमनमा अनुगमन समितिका सदस्य एवं वडाध्यक्ष श्यामकृष्ण खत्री, रोशनमैया सुवाल, रीता फसिकवा, भनपा श्यानिटेसनका न.नि. दिलिपकुमार सुवाल, वडा निरीक्षक रामकृष्ण प्रजापति, कर शाखाका मोहनदेवी व्याञ्जु, राष्ट्रिय उपभोक्ता मञ्चका मनोज थापा, घरेलु तथा साना उद्योग सङ्घका सुमित्रा श्रेष्ठ, भक्तपुर घरेलु तथा साना उद्योग कार्यालयका लक्ष्मीप्रसाद कासुला र ख्वप अस्पतालका सुजना बासुकलाको सहभागिता थियो।

# स्वास्थ्य बीमाबापत रु. एक लाख बराबरको उपचार सेवा यथावत्

काठमाडौँ, २९ माघ। स्वास्थ्य बीमा बोर्डले बीमितले पाउँदै आएको रु. एक लाखको उपचार सेवा सुविधा नघटाइएको स्पष्ट पारेको छ।

बीमा गरेबापतको रु. एक लाख बराबर उपचार शुल्क यथावत् राखिएको बोर्डका सूचना अधिकारी विकेश मल्लले जानकारी दिनुभयो। उहाँले बीमा कार्यक्रमअन्तर्गत रु. तीन हजार ५०० बराबरको योगदान बराबर पाँच जना परिवारले पाउने वार्षिक कुल रु. एक लाख बराबरको उपचार सेवाको सीमा यथावत् राखिएको बताउनुभयो।

बोर्डले रु. २५ हजार ओपिडी सेवा र रु. ७५ हजार अस्पतालमा भर्ना तथा आकस्मिक सेवाका लागि प्रयोग गर्न सकिने गरी छुट्याइएको सूचना अधिकारी मल्लले बताउनुभयो।

स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत पाँच जना परिवारसम्मका लागि रु. तीन हजार ५०० बराबरको योगदानका आधारमा रु. एक लाखसम्मको स्वास्थ्य सेवा सुविधा उपलब्ध गराइन्छ। यस्तै, थप प्रतिसदस्य रु. सात सयका दरले योगदान रकम थपिँदै जाने र प्रतिसदस्य रु. २० हजार बराबरको सेवासुविधा थपिने प्रावधान रहेको छ।

बोर्डले अनावश्यक रूपमा हुने ओपिडी सेवाको प्रयोग र दोहोरोपन रोक्न तथा गम्भीर, जटिल र ज्यान जोखिममा पर्ने रोगको उपचारका लागि स्रोत सुनिश्चित गर्नका लागि सेवाको रकम छुट्याएकाले सोहीअनुसार प्रयोग गर्न पनि आग्रह गरेको छ। सूचना अधिकारी मल्लले भन्नुभयो, "पाँच जनाको परिवारले वर्षभरिमा बढीमा रु. दुई हजार ५०० बराबरको बहिरङ्ग सेवा (ओपिडी) सेवा लिन पाउने व्यवस्था छ। पाँच जनाभन्दा बढी सदस्य भएका प्रतिसदस्यले थप रु. पाँच हजार बराबरको ओपिडी सेवा कायम गरिएको छ।"

हाल स्वास्थ्य बीमाको बजेटको ७० प्रतिशतभन्दा ठूलो हिस्सा सामान्य बिरामीको ओपिडी सेवामा नै खर्च भइरहेको छ। यसले गर्दा परिवारमा कसैलाई गम्भीर रोग लाग्दा वा महँगो शल्यक्रिया आवश्यक पर्दा बीमाको रकम अपर्याप्त हुने र बिरामीको आफ्नै खल्तीबाट ठूलो रकम खर्च गर्नुपर्ने अवस्था सिर्जना भएको जानकारहरू बताउँछन्।

बोर्डका सूचना अधिकारी मल्लले वास्तविक बिरामीको उपचारमा बीमाको रकम खर्च गर्ने उद्देश्यका साथ ओपीडी, अस्पताल भर्ना र शल्यक्रियाजस्ता अलग अलग शीर्षकमा खर्च तोकिएकाले त्यसको पालना गर्न आग्रह गर्नुभयो। **रासस**

# हिंसात्मक उग्रवाद रोकथामसम्बन्धी अन्तर्राष्ट्रिय दिवस मनाइँदै

काठमाडौँ, २९ माघ। बिहीबार हिंसात्मक उग्रवाद रोकथामसम्बन्धी अन्तर्राष्ट्रिय दिवस हो। हिंसात्मक उग्रवादविरुद्ध चेतना विस्तार र अन्तर्राष्ट्रिय सहकार्य सुदृढी बनाउने उद्देश्यका साथ यो दिवस विश्वका विभिन्न मुलुकमा मनाइँदै छ।

संयुक्त राष्ट्रसङ्घको आह्वानमा यो दिवस मनाउन प्रारम्भ भएको बिहीबार चौथो वर्ष हो। राष्ट्रसङ्घको प्रधानकार्यालयका साथै विश्वका अन्य मुलुकस्थित राष्ट्रसङ्घीय कार्यालय, अन्तरसरकारी संस्था, नागरिक समाज, धार्मिक क्षेत्रका अगुवा, निजी क्षेत्र, शैक्षिक संस्था र सञ्चारमाध्यमका प्रतिनिधिसहित सरोकार भएका सबैले एकत्रित भएर हिंसात्मक उग्रवादको रोकथामका निम्ति ऐक्यबद्धता प्रकट गर्नेछन्।

आतङ्कवाद र हिंसात्मक उग्रवादलाई कुनै धर्म, राष्ट्रियता, सभ्यता वा जातीय समूहसँग जोड्न नहुनेमा जोड दिँदै राष्ट्रसङ्घले हिंसात्मक उग्रवाद रोक्न विश्व समुदायबिच समन्वय बढाउन आग्रह गरेको छ।

साथै उक्त विश्व संस्थाले संवाद, साझेदारी र समुदायको नेतृत्वमा आधारित समाधानमार्फत हिंसात्मक उग्रवादका मूल कारणहरू पहिचान गरी रोकथामको प्रयास हुनुपर्ने बताएको छ।

दीर्घकालीन शान्ति र स्थायित्वका लागि केवल सुरक्षात्मक उपाय मात्र पर्याप्त नभएकाले सामाजिक, आर्थिक र वैचारिक पक्षलाई पनि ख्याल गर्न अपरिहार्य भएको जनाएको छ। यो दिवसका अवसरमा राष्ट्रसङ्घले विश्वभरका नागरिक र संस्थाहरूलाई साझा जिम्मेवारी र सहकार्यमा आबद्ध हुन आह्वान पनि गरेको छ। **रासस**

# निर्वाचन आचारसंहिता उल्लङ्घन गर्नेलाई कारबाहीको लागि प्रेस काउन्सिललाई पत्राचार

काठमाडौँ, २९ माघ। निर्वाचन आचारसंहिता, २०८२ उल्लङ्घनको उजुरी परेका सञ्चारमाध्यम र पत्रकारबारे अध्ययन, अनुसन्धान गरी कानुनी कारबाही गर्न निर्वाचन आयोगले प्रेस काउन्सिलमा लेखी पठाएको छ।

काठमाडौँको तारकेश्वर नगरपालिका–१० स्थित शिवपुरी मिडिया नेटवर्क प्रालिबाट सञ्चालित सगरमाथा पोष्ट डटकमका अध्यक्ष/सम्पादक रविनप्रसाद थपलिया र प्रबन्ध सम्पादक चित्रकुमार (सिके) चौलागाईंले आफ्ना व्यक्तिगत सामाजिक सञ्जालबाट उम्मेदवारका प्रचारप्रसारका सामग्री निरन्तर पोस्ट गरेको भनी आयोगमा उजुरी परेपछि प्रेस काउन्सिल नेपाललाई कानुनी कारबाहीका लेखी पठाएको हो।

उजुरीअनुसार यसमा प्रचलित कानुनबमोजिम आवश्यक अनुसन्धान तथा कारबाही गर्न काउन्सिलमा पठाइएको आयोगले जनाएको छ।

आफ्ना व्यक्तिगत सामाजिक सञ्जालबाट निर्वाचन आचारसंहिता, २०८२ को दफा ७ को खण्ड (क) र (झ) को प्रतिकूल हुने गरी उम्मेदवारका प्रचारप्रसार सामग्री निरन्तर पोष्ट गरेको भनी उजुरी परेकाले काउन्सिलमा लेखी पठाइएको आयोगका कानुन अधिकृत मोहनराज जोशीले बताउनुभयो।

यसैगरी गोरखापत्र संस्थानले मधेस र वाग्मती प्रदेशका संयोजक हटाएको विषयमा परेको उजुरीका आधारमा पनि स्पष्टीकरण सोधिएको उहाँले जानकारी दिनुभयो। आयोगले संस्थानलाई यस विषयमा दुई दिनभित्र स्पष्टीकरण पेस गर्न पत्राचार गरेको जनाएको छ। **रासस**

सङ्क्षिप्त समाचार

# एचआईभी सङ्क्रमितमा यौनरोगको समस्या

चितवन, २९ माघ । रोजगारीका लागि विदेश गएर फर्किएका कामदारमा यौनरोगको समस्या बढी देखिने गरेको पाइएको छ । एचआईभी सङ्क्रमितहरूको उपचार गर्दै आएको भरतपुर अस्पताल र नारायणी अस्पताल वीरगञ्जको एआरटी सेन्टरले गरेको अध्ययनमा यस्तो भेटिएको हो ।

दुई अस्पतालमा एक हजार ६३७ जनाको परीक्षणका क्रममा १०२ जनामा यौनरोग देखिएको भरतपुर अस्पताल, एआरटी सेन्टर प्रमुख कृष्णहरि सापकोटाले जानकारी दिनुभयो ।

उहाँका अनुसार यौनरोग सङ्क्रमितमध्ये ३२ जना रोजगारीका लागि विदेश गएर फर्किएका रहेका छन् । यस्तै, यौन व्यवसायमा लागेका छ जना, उनीहरू साथी २२ जना, तेस्रो लिङ्गी ११ जना र अन्य ३१ जना रहेका छन् ।

सेन्टर प्रमुख सापकोटाले यौनरोगमा सबैभन्दा धेरै ८८ जनामा भिरिङ्गीको सङ्क्रमण देखिएको बताउनुभयो । अन्य यौनरोगमा भेरिना, पाठेघरको सङ्क्रमण एवं ढुसीजन्य सङ्क्रमण देखिएको पाइएको उहाँले जानकारी दिनुभयो ।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन डा. प्रमोद पौडेलले असुरक्षित यौन सम्पर्कका कारण यौन रोगको सङ्क्रमण बढेको पाइएकाले सतर्कता अपनाउन आग्रह गर्नुभयो । उहाँले सुरक्षित यौन सम्पर्क गर्न र समय समयमा स्वास्थ्य परीक्षण गर्नुपर्नेमा जोड दिनुभयो । ***रासस***

# निःशुल्क कानुनी सहायता कार्यक्रमबाट लाभान्वित हुने बढ्दै

महेन्द्रनगर (धनुषा), २९ माघ । मधेस प्रदेश सरकारले सञ्चालन गरिरहेको निःशुल्क कानुनी सहायता कार्यक्रम प्रभावकारी बन्दै गएको छ । मुख्य न्यायाधिवक्ता डा. सुनिलरञ्जन सिंहले प्रदेशमा निःशुल्क कानुनी सहायताका कारण गरिब तथा सीमान्तकृत वर्गका नागरिकलाई न्याय प्राप्तिमा सहज भएको बताउनुभयो । आर्थिक अभावका कारण न्याय पाउनबाट वञ्चित हुनसक्ने अवस्था न्यूनीकरणका लागि दलित, विपन्न, अपाङ्गता तथा पछाडि परेका वर्गका नागरिकलाई लक्षित गरी मुख्य न्यायाधिवक्ता कार्यालयमार्फत कार्यक्रम सञ्चालन भइरहेको छ ।

मुख्य न्यायाधिवक्ता डा. सिंहले भन्नुभयो, "नेपालको संविधानले हरेक नागरिकलाई सहज रूपमा न्याय पाउने हक सुनिश्चित गरेको छ । त्यसलाई कार्यान्वनका लागि प्रदेश सरकारले निःशुल्क कानुनी सहायता कार्यक्रम सञ्चालन भइरहेको छ । यसले प्रदेशमा सुशासन र न्यायिक प्रणालीलाई थप सुदृढ बनाउन सहयोग पुगेको छ ।"

यहाँ प्रदेशका आठ वटै जिल्लामा कानुनी सहायता अधिकृतको व्यवस्था गरी सेवा प्रवाह भइरहेको र यसले लक्षित वर्गका नागरिकको अदालतसम्म सहज पहुँचमा योगदान गरिरहेको उहाँको भनाइ छ ।

आर्थिक वर्ष २०७५/७६ देखि प्रदेशमा यो कार्यक्रम सुरु गरिएको हो । लक्षित वर्गका सेवाग्राहीले जिल्ला, उच्च, सर्वोच्च तथा प्रशासकीय अदालतसम्म निःशुल्क कानुनी सहयोग पाउँदै आएका छन् । कार्यालयका अनुसार पहिलो वर्षमा एक सय आठ जनाले सेवा लिएकामा २०७६/७७ मा एक सय १०, २०७७/७८ मा एक सय ४४, २०७८/७९ मा दुई ३८ र २०८१/८२ मा तीन सय ६८ जनाले निःशुल्क कानुनी सहायता लिएका छन् । ***रासस***

# राष्ट्रियसभाको चालु अधिवेशन अन्त्य

काठमाडौँ, २९ माघ । राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्रियसभाको चालु अधिवेशन आउँदो फागुन १ गते राति १२ बजेदेखि लागू हुने गरी अन्त्य गर्नुभएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषद्को यही माघ २६ गतेको सिफारिसमा नेपालको संविधानको धारा ९३ को उपधारा (२) बमोजिम राष्ट्रपति पौडेलले सभाको अधिवेशनको अन्त्य गर्नुभएको राष्ट्रपतिको कार्यालयका प्रवक्ता रितेशकुमार शाक्यद्वारा जारी विज्ञप्तिमा जनाइएको छ । सभाको १९ औँ अधिवेशन यही माघ ४ गतेदेखि चालु भएको थियो । ***रासस***

# केही निर्वाचन सामग्री छपाइ सम्पन्न

काठमाडौँ, २९ माघ । आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आवश्यक छपाइ सामग्री छापिएर निर्वाचन आयोगमा आउन सुरु भएको छ ।

कमलादीस्थित नेपाल प्रज्ञा प्रतिष्ठानको छापाखानामा छापिएका मतदान निर्देशिका, मतगणना निर्देशिका, निर्वाचनसम्बन्धी ऐन, नियम र अन्य निर्देशिका आवश्यकमात्रामा छापिई सकेर आयोगमा आउने क्रम सुरु भएको सहायक प्रवक्ता कुलबहादुर जिसीले राससलाई जानकारी दिनुभयो । छापिएर आएका छपाइ सामग्री पनि निर्वाचनका अन्य सामग्रीसँगै ७७ वटै जिल्लामा पठाउने गरी तयारी भएको छ ।

प्रतिष्ठानबाट पहिलो चरणमा पाँच हजार छपाइ सामग्री आएको उहाँले सुनाउनुभयो । बाँकी सामग्री पनि अब क्रमश: आएपछि जिल्ला जिल्लामा पठाउन तयारी अवस्थामा राखिने छ । मतपत्र भने जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा छपाइ भइरहेको आयोगले जनाएको छ । ***रासस***



**रसुवामा निर्माण सामग्री परीक्षण प्रयोगशाला स्थापना**
पूर्वाधार विकास कार्यालय, रसुवाको धुन्चेमा स्थापना गरिएको निर्माण सामग्री परीक्षण प्रयोगशाला । रसुवामा पहिलो पटक स्थापना गरिएको प्रयोगशालामार्फत गिट्टी, बेस, ग्राभेल र कालोपत्रलगायत निर्माण सामग्रीको गुणस्तर परीक्षण गर्न सकिने कार्यालयले जनाएको छ । *तस्बिर : ज्ञानेन्द्र न्यौपाने/रासस*

# दैलेखको जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण पुष्टि

दैलेख, २९ माघ । यहाँको भैरवी गाउँपालिका-१ जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास परिमाणमा खनिज ग्यासको भण्डारण रहेको पुष्टि भएको छ । चीनको 'चाइना जियोलोजिकल सर्वे' कम्पनीले नेपाल सरकारलाई बुझाएको अन्तिम अन्वेषण प्रतिवेदनअनुसार जलजलेमा ८० अर्ब ७० करोड घनमिटर ग्यास भण्डारण रहेको पाइएको हो ।

खानी तथा भूगर्भ विभागका प्रवक्ता धर्मराज खड्काका अनुसार चिनियाँ टोलीको विस्तृत अध्ययनपछि यो तथ्याङ्क सार्वजनिक गरिएको हो । यसअघि गरिएको प्रारम्भिक प्रतिवेदनमा सो क्षेत्रमा एक अर्ब १२ करोड घनमिटर ग्यास हुनसक्ने अनुमान गरिएको थियो । थप परीक्षण र अन्तिम अध्ययनले पूर्वअनुमानभन्दा निकै ठूलो परिमाणमा ग्यास रहेको प्रमाणित गरेको उहाँले बताउनुभयो ।

भण्डारण पुष्टि भए पनि यसको व्यावसायिक उत्पादन र उत्खनन क्षमताको वास्तविक जानकारी भने 'वेल टेस्टिङ' पछि मात्र प्राप्त हुने विभागले जनाएको छ । प्रवक्ता खड्काले भन्नुभयो, "अहिले हामीले भण्डारणको आकार मात्र पत्ता लगाएका हौँ । वेल टेस्टिङ नगरी कति ग्यास बाहिर निकाल्न सकिन्छ र कुन प्रविधि उपयुक्त हुन्छ भन्नेबारे परीक्षण नगरेसम्म अन्तिम टुङ्गो लाग्दैन ।"

उहाँका अनुसार अबको चरणमा 'ड्रिल' गरिएको स्थानमा अन्य उपकरण प्रयोग गरी चट्टान फुटाउने वा प्राकृतिक ग्यासलाई विस्थापित गर्ने प्रक्रिया अपनाइनेछ । त्यसपछि निस्कने ग्याससमा भएका तत्वको प्रयोगशाला परीक्षण गरिनेछ र मात्र व्यावसायिक उत्पादनको प्रक्रिया अघि बढ्ने उहाँले जानकारी दिनुभयो ।

नेपाल सरकार र चीनको जियोलोजिकल सर्वेबिच रु. दुई अर्ब ४० करोडको आर्थिक तथा प्राविधिक सहयोगमा पेट्रोलियम खानी अन्वेषण गर्ने सम्झौता भएको थियो । सोहीअनुसार चिनियाँ टोलीले : सेस्मिक सर्वे, जियोलोजिकल सर्वे, म्याग्नेटोटेल्युरिक सर्वे र जियोकेमिकल सर्वे सम्पन्न गरिसकेको विभागका प्रवक्ता खड्काले जानकारी दिनुभयो ।

उहाँका अनुसार हाल प्राप्त अन्तिम प्रतिवेदनमाथि विभागले थप अध्ययन गरिरहेको छ भने बाँकी कामका लागि अनुदान सहयोग गरिदिन नेपाल सरकारले चीन सरकारलाई आग्रह गरेको छ । विज्ञहरूका अनुसार दैलेखमा फेला परेको ग्यास अमेरिकामा उत्खनन गरिने 'शेल वा टाइट ग्यास' प्रकृतिको छ । यस्तो ग्यास चट्टानका पत्रमा च्यापिएर रहने भएकाले यसलाई निकाल्न निकै कठिन हुन्छ ।

व्यावसायिक प्रयोजनका लागि निकाल्न चट्टान फोडेर ग्यास निकाल्नुपर्ने चुनौती छ । दैलेखमा परापूर्वकालदेखि ज्वाला बल्दै आएका श्रीस्थान, नाभीस्थान, पादुका र तल्लो डुङ्गेश्वर क्षेत्रलाई आधार मानेर २०७६ असोजदेखि अन्वेषण सुरु गरिएको थियो । फागुन २१ हुन लागेको निर्वाचनमा पनि दैलेखका राजनीतिक दलले यो ग्यास उत्खननलाई आफ्नो मुख्य चुनावी एजेण्डा बनाएका छन् । ***रासस***

# रसुवामा सडक तथा पूर्वाधारको गुणस्तर सुनिश्चित गर्न प्रयोगशाला परीक्षण

रसुवा, २९ माघ । जिल्लाभित्र निर्माणाधीन सडक तथा पूर्वाधारको गुणस्तर सुनिश्चित गर्न जिल्लामा निर्माण सामग्रीको प्रयोगशाला परीक्षण सुरुआत गरिएको छ । जिल्लाको पूर्वाधार विकास कार्यालयले धुन्चेमा आधुनिक परीक्षण उपकरण स्थापना गर्दै यस्तो व्यवस्था लागू गरेको हो । यसबाट जिल्लाका सडक निर्माणलाई दिगो, भरपर्दो र भविष्यसम्म उपयोगी बनाउने विश्वास गरिएको छ ।

कार्यालयका अनुसार जडान गरिएका उपकरणमार्फत गिट्टी, बेस, ग्राभेल र कालोपत्रलगायत निर्माण सामग्रीको वैज्ञानिक परीक्षण गर्न सकिनेछ । यसअघि यस्ता परीक्षणका लागि बाहिरी जिल्लामा निर्भर रहनुपर्ने अवस्था थियो । अब जिल्लामै परीक्षण सम्भव भएपछि निर्माण प्रक्रियामा पारदर्शीता र गुणस्तर दुवै बढ्ने जनाइएको छ ।

कार्यालय प्रमुख रवीन महर्जनले पाँचजना दक्ष प्राविधिक परीक्षण कार्यमा खटिएको जानकारी दिँदै उपकरण जडानपछि निर्माण कम्पनी वा उपभोक्ता समितिले सामग्रीको मात्रा वा गुणस्तरमा कुनै छलकपट गर्न नसक्ने अवस्था सिर्जना भएको बताउनुभयो । उहाँका अनुसार परीक्षणका लागि आवश्यक सामग्री भिजाउने पोखरीसमेत निर्माण गरिएको छ, जसले प्रयोगशाला पूर्ण रूपमा सञ्चालनयोग्य बनेको छ ।

विसं २०८१ भदौमा स्थापना भएको कार्यालयले छोटो अवधिमै उल्लेखनीय प्रगति गरेको छ । हालसम्म नमुनाका रूपमा तीन दशमलव ३६५ किमि नयाँ सडक ट्र्याक खोल्ने, तीन दशमलव ४७८ किमि सडक ढलान गर्ने, दस दशमलव ६३८ किमि सडक कालोपत्र गर्ने तथा बीस दशमलव ४७ किमि सडकमा ग्राभेल गर्ने काम सम्पन्न भइसकेको कार्यालयले जनाएको छ । यी उपलब्धिले कार्यालयको कार्यदक्षता र प्राविधिक टोलीको सक्रियता झल्किएको जनाइएको छ ।

स्थानीयवासीले गुणस्तरीय पूर्वाधार विकासले रसुवालाई नमुना जिल्ला बनाउने अपेक्षा व्यक्त गरेका छन् । कार्यालयले कुन क्षेत्रमा कस्तो पूर्वाधार आवश्यक छ भन्ने विषयमा प्राविधिक टोलीले स्थलगत अध्ययनलाई पनि प्राथमिकता दिएको जनाएको छ ।

यस पहलले प्राविधिकको मनोबल अझ उच्च बनाएको छ । गुणस्तर परीक्षण प्रणालीको सुरुआतसँगै अब रसुवामा निर्माण हुने सडक तथा संरचना थप टिकाउ, सुरक्षित र विश्वासयोग्य हुने विश्वास गरिएको छ । ***रासस***

# इन्टरपोलको समन्वयमा दस जनालाई विदेशबाट ल्याइयो

काठमाडौँ, २९ माघ । स्वदेशमा अपराध गरी विदेश भागेका दस जनालाई नेपाल प्रहरीले अन्तर्राष्ट्रिय प्रहरी सङ्गठन (इन्टरपोल) सँगको समन्वयमा नेपाल फिर्ता ल्याएको छ ।

चालु आर्थिक वर्षमा ११ जनाविरुद्ध 'रेड नोटिस' र तीन जनाविरुद्ध 'डिफ्युजन' जारी भएकामा रेड नोटिस जारी भएका आठ र डिफ्युजन जारी भएका दुई जनालाई इन्टरपोलको समन्वयमा विभिन्न देशबाट पक्राउ गरी स्वदेश ल्याइएको नेपाल प्रहरीका केन्द्रीय प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक अबिनारायण काफ्लेले राससलाई बताउनुभयो ।

अघिल्लो आर्थिक वर्षमा ३४ जनाविरुद्ध रेड नोटिस र दुई जनाविरुद्ध डिफ्युजन जारी भएकोमा १७ जना रेड नोटिस जारी भएका र तीन जना डिफ्युजन जारी भएका प्रतिवादीलाई पक्राउ गरी नेपाल फिर्ता ल्याइएको थियो ।

इन्टरपोलसँगको समन्वयमा फरार प्रतिवादीहरूलाई पक्राउ गर्न एवं अन्तर्राष्ट्रियस्तरमा फरार प्रतिवादीहरूलाई पक्राउ गरी कानुनी दायरामा ल्याउन नेपाल प्रहरी सदैव क्रियाशील रहेको बताउँदै उहाँले अपराध गरेर संसारको जुनसुकै कुनामा लुके पनि उनीहरूलाई कानुनी दायरामा ल्याउन नेपाल प्रहरी प्रतिबद्ध छ भन्नुभयो ।

मुलुकमा शान्ति सुव्यवस्था कायम गर्न, निर्वाध ढङ्गले आसन्न निर्वाचन सम्पन्न गर्न तथा अपराध अनुसन्धान एवं नियन्त्रणमा नेपाल प्रहरी अझ सक्रिय भई विभिन्न सुरक्षा रणनीति अवलम्बन गरी कार्यक्षेत्रमा जुटेको प्रवक्ता काफ्लेले बताउनुभयो ।

। सम्पादकीय ।

# सही उम्मेदवार छान्ने जिम्मा जनताको नै हो

यति बेला गाउँ, नगर, बस्ती, सडक, चोक, गल्ली, सरकारी तथा गैरसरकारी कार्यालय र घर-घरमा चुनावको प्रचार हुँदै छ । दलका उम्मेदवारहरू जनतासँगको भेटघाटमा व्यस्त भइरहेकाले पनि चुनावी माहोल बढेको हो । यो बेला कुन दलका कस्ता उम्मेदवारलाई जिताउनु पर्ला भन्ने प्रश्न उठ्नु स्वाभाविक हो । नेपाली जनता यसबारे सुसूचित पनि हुनुपर्छ । सबै नेपाली जनता सैद्धान्तिक र वैचारिकरूपले सुसूचित नभएको कारणले पनि देशमा गलत मनसायका व्यक्तिहरू निर्वाचित भएका छन् । जनताले देश र जनताको निम्ति लड्ने निडर, नि:स्वार्थी, देशभक्त, सही उम्मेदवार चयन गर्नुपर्छ । हरेक निर्वाचन या सबै निर्वाचन क्षेत्रबाट सही उम्मेदवार निर्वाचित गर्न नसकेकै कारण जनताले दु:ख पाएका हुन् । अत: देशमा राजनीतिक अस्थिरता निम्तिएको हो; देशमा अन्योल, असमानताको खाडल बढ्दै गएको हो । देशका अरबौँ खरबौँ बराबरको राष्ट्रिय सम्पत्ति ध्वस्त भएको हो । यसको दोषी को ? यसको जिम्मा कसले लिने ? यसबारे पुरानो सरकार र नयाँ सरकारको भनाइ के हो ? के यहाँ जसले जे पनि गर्न पाउने ? दोषीमाथि कारबाही गर्नुपर्दैन ? छानबिन आयोगले सत्यतथ्य जानकारी प्रकाशमा ल्याएर दोषीमाथि कारबाहीको निम्ति सिफारिस गर्छ कि गर्दैन ? सिफारिसलाई सरकारले लागु गर्छ कि गर्दैन ? व्यापक जनताको चासोको विषय बनेको छ ।

अब प्रश्न उठ्छ, देशघाती र देशमा विदेशी चलखेल गर्न पाउने, सेना प्रवेश हुन पाउने एमसीसी सम्झौता गर्ने दल र दलका उम्मेदवारलाई जनताले मतदान गर्नु के उचित हुन्छ ? सार्वजनिक या सरकारी जग्गा व्यक्तिगत बनाउने, व्यक्तिगत बनाउन साथ दिने दल र दलका उम्मेदवारलाई मतदान गरे हामी पनि अन्यायी हुँदैन ? सरकारी उद्योग तथा कलकारखाना कौडीको मूल्यमा बेच्ने, निजीकरण गर्ने दल र दलका उम्मेदवारलाई मतदान गरेर हामीले व्यक्तिलाई पोस्ने ? देशको हित नहेर्ने, नेपालका विभिन्न ठाउँमा भारतीय पक्षबाट नेपाली भूमि मिचे पनि चुइँक्क नबोल्ने दल र दलका उम्मेदवारलाई मतदान गरेर देशलाई एकपछि अर्को साँगुरो बनाउँदै जाने ? देश साँगुरो बनाउँदै जाने दल र दलका उम्मेदवारलाई साथ दिने ? विदेशीले पनि सजिलैसँग वंशजको आधारमा नेपाली नागरिकता दिन पाउने व्यवस्था गरेर देशलाई दूरगामी असर पार्ने दलका उम्मेदवारलाई मतदान गरेर देशको स्वाधीनता र सार्वभौमसत्तामा आँच पुर्‍याउने ? मेडिकल कलेजसहित सस्तोमा ख्वप विश्वविद्यालय खोल्न अनुमति नदिने ठुला र शासक दलका उम्मेदवारलाई मत दिएर देशको शिक्षा महँगो बनाउनेलाई साथ दिने ? संविधानमा व्यवस्था भएअनुसार आधारभूत तहसम्म अनिवार्य र माध्यमिक तह (कक्षा १ देखि १२) सम्म नि:शुल्क शिक्षा व्यवस्था लागू नगर्ने दलका उम्मेदवारलाई जिताएर के हामीले ऐन कानुन नमान्ने दलहरूको समर्थन गर्ने ? भ्रष्टाचारी, अपराधीलाई संरक्षण गर्ने, स्थान दिने दलको पछि लागेर के हामीले देशमा भ्रष्टाचार अन्त्य गर्न सक्छौँ ? सुशासन ल्याउन सक्छौँ ?

भ्रष्टाचार बढी हुने देशको सूचीमा पुर्‍याएर विश्वमा बदनाम बनाउने शासकहरूको पछि लागेर देशमा के स्वच्छ सरकारको कल्पना गर्न सकिन्छ ? हामीले देशको सन्तुलित विकास गरेर स्वदेशमै रोजगारीको व्यवस्था माग गर्ने दलका उम्मेदवारलाई जिताउने कि आफ्नो सरकार छ भनेर आ-आफ्नो जिल्लामात्र हेर्ने स्वार्थी दल र दलका उम्मेदवारलाई जिताउने ? भ्रष्टाचारी, कालाबजारीमाथि कारबाही गर्नुपर्छ भन्ने दललाई नजिताइकन के उनीहरूको पक्षपोषण गर्ने दललाई साथ दिने ? देशमै रासायनिक मल कारखाना खोलेर कृषकहरूलाई राहत पुर्‍याउन जोड दिने दलका उम्मेदवारलाई चयन गर्ने कि आयातीत मलमा कमिसन खाएर रासायनिक मल कारखाना नखोल्ने, खोल्न चासो नराख्ने दलका उम्मेदवारलाई जिताउने ? यी सबै पक्षको मूल्याङ्कन गरेर, सोचविचार गरेर जनताले मतदान गर्नुपर्छ ।


हरेक मतदाताको एक एक भोट अमूल्य छ । त्यो अमूल्य भोट सही ठाउँमा हुनुपर्छ । आफ्नो अमूल्य भोट कसैको भनसुन, लहैलहैमा होइन; लोभलालच र डर धम्कीमा होइन; स्वच्छ मनले स्वच्छ छवि भएका सही उम्मेदवारलाई मत राख्नुपर्छ । निर्वाचनमा हरेक राजनीतिक दलका उम्मेदवारहरू हाम्रो घर आँगनमा आउँछन्; मिठा मिठा आश्वासन बाँडेर, झूटको खेती गरेर मत माग्न आउँछन् । मत माग्न आउनु हरेक राजनीतिक दल र दलका उम्मेदवारहरूको अधिकारको कुरा हो, मत माग्न पाइन्छ, कुरा सुन्न र सुनाउन पाइन्छ । तर, मतदान गर्ने आफ्नो खुसी हो । अत: पछि पछुताउ हुने गरी मतदान नगर्न र गलत व्यक्तिलाई हराउन आफ्नो अमूल्य भोट ठीक समयमा ठीक ढङ्गले उपयोग गर्नुपर्छ । सही उम्मेदवार छान्ने जिम्मा जनताको नै हो ।

# 'स्वतन्त्र तिब्बत' नाराको उत्थान

● जिङ वाई

सर्वप्रथम हामी 'तिब्बती' को अर्थ के हो भन्नेमा प्रस्ट हुनुपर्छ । अङ्ग्रेजी र अन्य भाषाहरूका अनुसार किङ्घाई-तिब्बत पठार (Plateau) को विशाल क्षेत्रलाई छोटकरीमा तिब्बत भनिएको हो । वर्तमान तिब्बतको क्षेत्रफलसँग तिब्बत शब्दले कुनै सरोकार राख्दैन ।

छिङ राजवंशले सत्रौँ शताब्दीदेखि




तिब्बतमाथि शासन गर्दा स्थानीय सरकार र केन्द्रीय सरकारबिच यदाकदा खटपट हुनेबाहेक सम्बन्ध राम्रै थियो । उन्नाइसौँ शताब्दीको मध्यतिर भएका दुईवटा अफिम युद्धको समयपश्चात् केन्द्र सरकार र स्थानीय तिब्बती सरकारबिच फाटो आउन थाल्यो ।

सन् १९०४ मा बेलायती फौजले तिब्बतमा आक्रमण गर्‍यो । त्यस समयमा १३ औँ दलाई लामा र उनका अनुयायीहरूले तिनको असफल प्रतिकार गर्न खोजे । तर, केन्द्र सरकारले तिब्बतीलाई सहयोग गरेन । पराजयपछि दलाई लामाले आफ्नो सरकारी पदलाई सरकारी कार्यालयमा लागू गरेनन् । उनले बेलायतसँग असमान मौखिक सन्धि गरिसकेका थिए । तत्कालै छिङ राजवंशले दलाईलाई पुरानै पदमा पुन:स्थापना गरिदियो । तर पनि १३ औँ दलाई र उनका अनुयायीहरू तिब्बतमा रहेका केन्द्र सरकारका उच्च अधिकारीप्रति नकारात्मक भए । विवाद चर्किएपछि दलाई फेब्रुअरी, १९१० मा इस्ट इन्डिया कम्पनी सरकारको शरणमा पर्न वर्तमान भारत गए ।

विदेशी लेखकहरू असावधानीपूर्वक रूपमा विश्वास गर्छन् कि उक्त घटना चाओ अफेङको सेनाको कारण भएको थियो । वास्तवमा चाओ सिचुआन र युनान प्रान्तको सैन्य दलको अग्रमोर्चाका कमान्डर थिए । उनी त्यस बखत आफ्नो सैन्य टुकडीसँग खाम्दोसम्म मात्र पुगेका थिए । पहिले पनि अनेकौँ काम कारबाही बेथिति ढङ्गले चलाएको कारण केन्द्रीय सरकारले दलाईलाई दण्ड दिएर उपमा खोस्ने तयारी गरेको थियो ।

सन् १९११ मा राजसंस्थाविरुद्ध चिनियाँ देशभक्तहरूले विद्रोह गरे । राजावादीहरू भागेर तिब्बत पसे । मुख्य भूमि चीनका हान जातिका राजावादीहरूको तिब्बतमा भएको आगमनलाई तिब्बतीहरूले जातीय हस्तक्षेप ठाने । त्यही बेला 'तिबेतन इन्डिपेन्डस्' अर्थात् तिब्बतीलाई स्वतन्त्र छोड भन्ने नारा उठेको हो, तिब्बत स्वतन्त्र (फ्रि टिबेट) भनेर होइन ।

प्रारम्भमा 'स्वतन्त्र' को अर्थ फरक थियो । सबैजसो प्रान्तका जातिहरूले यो नारा उठाएका थिए । जनवरी सन् १९१२ मा चीन गणतन्त्र भएपछि अन्तरिम राष्ट्रपति सन यात्सेनले हान, मञ्चु, मङ्गोलियन, उई र तिब्बतीहरूलाई गणतान्त्रिक अधिकारहरू दिए । अक्टोबर सन् १९१२ मा गणतन्त्र चीनको नयाँ सरकार बन्यो । दलाई १३ औँलाई यस्तो अधिकार दिइयो - 'निर्णय अस्वीकार नगर्ने र स्वतन्त्रताको माग नगर्ने ।'

स्वदेशी तथा विदेशी अन्वेषकहरूले लेखेका धेरै ऐतिहासिक कृतिहरूले तिब्बतलाई चीनको एक क्षेत्र मानेका छन् । तर, चीन गणतन्त्र भएको पहिलो वर्ष सन् १९१२ मै चीनको लागि बेलायती दूतले गणतन्त्र चीनलाई स्वीकार गर्न नसकिने पत्र अगस्त १७ मा दिए । बेलायतले उसको अनुमति बेगर चिनियाँ अधिकारीहरूलाई भारत भ्रमणमा जान नपाउने बन्देज पनि लगायो । यसैबिच बेलायती दूतले चिनियाँ सरकारी अधिकारी युयान शिकाईलाई सिमला छलफलमा सहभागी जनाउन निम्तो गर्‍यो । तर, सन् १९१३/१४ को सिमला छलफल बिचमै तुहियो ।

सन् १९१९ मा देशभक्त र साम्राज्यवादविरोधी विद्रोह चर्क्यो । चीनको केन्द्र सरकारले किङ्घाइ प्रान्तबाट गान्सु हुँदै एक प्रतिनिधिमण्डल ल्हासा पठायो । त्यस प्रतिनिधिमण्डलका सदस्यहरूसँग १३ औँ दलाई लामाले भने, "मेरो विगत र हालसाल पनि बेलायतसँग राम्रो सम्बन्ध हुन सकेन । मेरो सोचाइ तिब्बत चीनबाट स्वतन्त्र होस् भन्ने फिटिक्कै छैन ।" त्यसपछि १३ औँ दलाईको सम्बन्ध केन्द्र सरकारसँग सामान्य ढङ्गले चलिरह्यो ।

सन् १९५१ मई २३ मा जनवादी गणतन्त्र चीनको केन्द्र सरकार र स्थानीय तिब्बती सरकारबिच 'तिब्बतको शान्तिपूर्ण मुक्ति' विषयमा सम्झौता भयो । त्यसै वर्षको अक्टोबरमा दलाई लामाले माओ त्सेतुङलाई एक तार सन्देश पठाए । उनले उक्त पत्रमा तिब्बतमा चिनियाँ जनमुक्ति सेनाको प्रवेशलाई स्वागत गरेको, तिब्बतबाट साम्राज्यवादी शक्ति धपाउन आफू तत्पर रहेको र मातृभूमिको रक्षार्थ तिब्बत चीनको छत्रछायाँमा बस्न मञ्जुर रहेको जनाएका थिए ।

*(जनधारणा साप्ताहिक वर्ष १७ अङ्क ५ बाट)*

**स्रोत: तिब्बत उपद्रव र यथार्थ**

# तिब्बतमा बेलायती र अमेरिकी घुसपैठ

● जिङ वाई

बेलायत र अमेरिकाले चीनको आन्तरिक मामिलामा आघात पार्ने काम इतिहासदेखि गर्दै आएको पाइन्छ ।

सन् १७७० र सन् १७८० को दशकमा इस्ट इन्डिया कम्पनीले तिब्बतको सिगात्सेमा दुई पल्ट प्रतिनिधिहरू पठायो । चीनको राष्ट्रिय एकीकरणको विरुद्ध पञ्चेन लामासँग सम्बन्ध कायम गराउने बेलायती चाहना अधुरो रह्यो । चीन बेलायतबिचको अफिम युद्धपछि क्छीङ राजवंशबाट फाइदा धुत्ने मनसायले तिब्बतको लोड्तु फोर्टमा धावा बोल्यो । सन् १८९०-९३ मा बेलायतले क्छीङ सम्राटलाई चीन बेलायतबिच तिब्बत र सिक्किमको विषयमा सम्झौता गर्न वाध्य पार्‍यो । उसले तिब्बतको ठुलो क्षेत्रफल कब्जा गर्‍यो र यादुङमार्फत व्यापारिक साम्राज्य विस्तार गर्न थाल्यो ।

सन् १९०४ मा बेलायतले तिब्बतमाथि सैनिक हस्तक्षेप गर्‍यो । आफैले तयार पारी लागेको 'ल्हासा सन्धि' मा क्छीङ सम्राटलाई दस्तखत गराउन बाध्य पार्‍यो । सन्धिअनुसार बेलायतले ग्याङ्चे र गर्यासामा दुईवटा व्यापारिक अखडा खोल्यो । चीनले ठुलो परिमाणमा युद्ध हर्जाना पनि तिर्नुपर्‍यो ।

सन् १९७० मा रुस र बेलायतबिच एक सन्धि भयो । जसअनुसार मङ्गोलियामा रुसी र तिब्बतमा बेलायती प्रभाव दुवै देशले स्वीकार्नु पर्ने भयो । दुवै साम्राज्यवादी शक्तिले चीनको स्वाभिमान र राष्ट्रिय अखण्डतामाथि प्रत्यक्ष हस्तक्षेप गरे ।

सन् १९१३-१४ मा भर्खर गठित नयाँ गणतान्त्रिक सरकारलाई सिमला सम्मेलनमा सहभागी हुन बेलायतले दबाब दियो । तिब्बतसहित सिचुवानलाई समेत प्रभावमा पार्न बेलायत चाहन्थ्यो । तिब्बतलाई बाहिरी र भित्री गरी दुई भागमा विभाजित गरेर क्रमश: पकडमा पार्ने योजना बेलायतले बनाएको थियो । म्याक मोहन लाइन पार गरेर तिब्बतभित्र घुस्ने बेलायती योजनालाई सुरुमै चीनले तिरस्कार गरिदियो । त्यसपछि तिब्बतका सामन्तहरूलाई उचालेर बेलायतीहरूले तिब्बत स्वतन्त्रताको नारा अघि सार्न लगाए । नवौँ पञ्चेन लामा र दलाई लामासँग पुग्न अनेकौँ षड्यन्त्रहरू रचिए ।

बेलायतले ठुलै परिमाणमा हातहतियार र विस्फोटक पदार्थ तिब्बतभित्र भण्डार गर्न थाल्यो । तिब्बती सेना प्रमुख सारोङ दजाङ द्रदुलमार्फत असफल सैन्य विप्लवको घटना घटाउन पनि बेलायतले भूमिका खेल्यो । सन् १९४९ मा चिनियाँ जनमुक्ति सेनाले दक्षिण-पश्चिम चीनमा बलियो उपस्थिति जनाइरहेको बेला बेलायत र अमेरिकाले घुस पैठ गर्न अनेकौं चाल चले । वास्तवमा दोस्रो विश्वयुद्ध चलिरहेको बखत अमेरिकी गुप्तचर विभागले चीनभित्र चलखेल गर्न चाहेको पुष्टि भयो । सन् १९४२ मा इलिया तोल्सतोय नामक अमेरिकी गुप्तचर केटी तिब्बतमा पक्राउ परेपछि यसको भेद खुल्न पुग्यो । सन् १९४९ मै तिब्बती सरकारलाई स्वतन्त्र मुलुकको हैसियतले अमेरिकाले राष्ट्रसङ्घको सदस्यता दिलाउन खोज्यो । जनमुक्ति सेनाको तिब्बत प्रवेशलाई विरोध गर्दै रह्यो ।

सन् १९५१ देखि त अमेरिकाले सीआईएको घुसपैठलाई तिब्बतमा द्रुतगतिमा बढायो । तिब्बती पृथकतावादी नेता जियालो दुन्द्रुपलाई चीनविरुद्ध छापामार युद्ध सञ्चालन गर्न उक्सायो । ताइवान र ओकिनावामा छापामार प्रशिक्षण केन्द्रहरू स्थापना गरेर तिब्बतलाई चीनवाट पृथक राख्ने दसवर्षे गुरुयोजना सीआईएले अघि सार्‍यो ।




*'चीनविरोधी अमेरिकी - सीआईए अभियानको विरोध गरौँ' लेखिएको ब्यानर लिई युरोपमा भएको एक प्रदर्शन ।*

सन् १९६० को सुरुमा जोन एफ केनेडी अमेरिकामा राष्ट्रपति भएपछि उनले चीनसम्बन्धी नीतिलाई तिब्बतको विषय उठाउँदै पेइचिङमाथि कडा प्रहार गर्न थाले । राष्ट्रसङ्घको सदस्यता दिनबाट वञ्चित गराउने खेल खेले । सन् १९७१ मा अमेरिकी राष्ट्रपति रिचर्ड निक्सनले चीनको भ्रमण गरेपछि थोरै भए पनि चीन अमेरिका सम्बन्धमा सुधार आयो । अमेरिकी सरकारले तिब्बती पृथकतावादीको प्रत्यक्ष रूपमा पक्ष त लिएन तर, अनेकौँ संस्थाहरूमार्फत दलाई लामासँगको सम्बन्ध बढाउँदै गयो ।

इतिहासिदेखि जारी बेलायती र अमरिकी रणनीति तिब्बतको विषयमा लगातार रूपमा असफल हुँदै आए तापनि दुवै राष्ट्रको चलखेल आज पनि जारी छ ।

***(जनधारणा साप्ताहिक, वर्ष १७ अङ्क ६ बाट)***

***स्रोत: तिब्बत उपद्रव र यथार्थ***

# भक्तपुरमा आन्दोलन, राजनीति र रूपान्तरण – ३

✍ सुरेश ढकाल, सञ्जीव पोखरेल

**भक्तपुर विकास परियोजना, सार्वजनिक शौचालय र स्थानीय धारणा**

भक्तपुर विकास परियोजना (बीडीपी) २०३१ सालमा सुरु भयो। स्थानीयहरूले यसलाई 'जर्मन प्रोजेक्ट' भने। 'स्थानीय जनताको जीवनस्तर सुधार्ने' र 'ऐतिहासिक नगर एवम् यसको धार्मिक वास्तुकला संरक्षण तथा पुनर्निर्माण गर्ने' फराकिलो उद्देश्य राखिएको थियो (ग्रीभ, २००२: २८५)। यी उद्देश्य पूरा गर्न जर्मन प्रोजेक्टले भक्तपुरमा झन्डै २० वर्ष काम गर्‍यो। यस अवधिमा त्यसले धेरै मन्दिरको पुनर्निर्माण गर्‍यो। यसले नगरभित्र बाटोमा इँटा बिछ्यायो। यसबाहेक, 'प्रोजेक्ट' ले नगरवासीहरूको जीवनमा सुधार ल्याउन टेवा दियो। शारीरिक काम गर्ने धेरै श्रमिकलाई अस्थायी जागिर दिएर, निर्माणको तालिम दिएर र भविष्यमा आयस्रोतको रूपमा प्रयोग गर्न मिल्ने सीप सिकाएर यसले खासगरी किसानहरूको जीवनमा सुधार ल्यायो (हाछेथु, २००४)। कतिपय नगरवासी र भक्तपुरको बारेमा अध्ययन गरिरहेका विद्वानहरू नगरको भौतिक हुलिया फेर्न र भक्तपुरमा सामाजिक र आर्थिक परिवर्तन ल्याउनमा 'प्रोजेक्ट' ले उल्लेख्य योगदान रहेको दाबी गर्छन् (हाछेथु, २००४)। यसरी जर्मन प्रोजेक्टले व्यापक मान्यता र लोकप्रियता आर्जन गर्‍यो, विशेषगरी भक्तपुरबाहिर।

यी विकास र संरक्षणाका कार्यक्रमसँगै जर्मन प्रोजेक्टले भक्तपुर नगरको सरसफाइमा पनि यथेष्ट ध्यान दियो। यसको ७० प्रतिशत विकास बजेट संरक्षण तथा सरसफाइमा विनियोजन गरिएको थियो। यो तथ्यबाट भक्तपुरको सफाइलाई 'प्रोजेक्ट' ले धेरै महत्त्व दिएको देखिन्छ। अझ भित्री नगरका प्रत्येक घरधुरीले निजी चर्पी बनाउनका लागि 'प्रोजेक्ट' बाट १५ सय नगद प्राप्त गरेका थिए। यसबाहेक 'प्रोजेक्ट' ले नगरभित्र ढलनिकास बनायो र २० भन्दा बढी सार्वजनिक शौचालय निर्माण गर्‍यो (ग्रीभ, २००२)।

आज भक्तपुरका धेरै मानिसको नजरमा जर्मन प्रोजेक्टको सफलता एक बनावटी यथार्थ थियो, एउटा मिथक थियो। 'प्रोजेक्ट' का धेरैजसो विकास कार्यमा स्थानीय जनताको अपत्यार र प्रतिकारको दाग लागेको थियो। त्यस्तै, सफाइका लागि यसले गरेका कार्य पनि खोटरहित छैनन्। 'प्रोजेक्ट' ले योजना बनाउँदा, विकास कार्य गर्दा र पुनर्निर्माण कार्यक्रम चलाउँदा स्थानीय 'विज्ञ' सँग सल्लाह नलिएको भन्ने भनाइ धेरै सुनिन्छ। यो टिप्पणीलाई जर्मन प्रोजेक्ट सहभागितामूलक, जनमैत्री र संस्कृतिमुखी थिएन, जसले गर्दा यो भक्तपुरको इतिहास र परम्पराको संरक्षणमा गम्भीर थिएन भनी देखाउन प्रमाणको रूपमा अघि सारिन्छ (सागर श्रेष्ठ, भनपा सम्पदा संरक्षण विभाग)। उदाहरणको लागि, बाटोमा ढुङ्गाको साटो इँटा बिछ्याउने 'प्रोजेक्ट' को निर्णयलाई लापरबाही र 'मुर्ख्याइँ' को दसी मानिन्छ।

जर्मन प्रोजेक्टले निर्माण गरेका चर्पीहरूबारे स्थानीय जनताको भनाइ अझ रोचक छ। केही स्थानीय जनताले हामीलाई सुनाएअनुसार 'प्रोजेक्ट' ले निर्माण गरेका सार्वजनिक चर्पी सुँगुरले प्रयोग गर्थे रे !ती नगरवासीको भनाइमा भक्तपुरका नगरवासीले खासगरी दुई कारणले ती चर्पीको प्रयोगमा रुचि देखाएनन्। पहिलो, भक्तपुरको कम्युनिस्ट पार्टी स्थानीय जनताले 'प्रतिक्रियावादीहरू' ले निर्माण गरेको भौतिक संरचना प्रयोग गरेको हेर्न चाहँदैनथ्यो। किनभने, जर्मन प्रोजेक्ट सोही प्रतिक्रियावादको हिस्सा थियो। दोस्रो, स्थानीय जनताले 'अरूसँगै' चर्पी जाने कामलाई सजिलो मानेनन्।

नगरलाई सफा गर्ने जर्मन प्रोजेक्टका प्रयासहरूको यस्तो विश्लेषणले एउटा तथ्यतर्फ औँल्याउँछ - भक्तपुरको फोहर व्यवस्थापन एउटा विकास एजेन्डा मात्र होइन, बरु विमति जनाउने तरिका पनि हो। स्थलगत अध्ययनको क्रममा हामीलाई एउटा कुरा पहिल्यै बताइएको थियो - स्थानीय कम्युनिस्ट पार्टीलाई नरुचाउने नगरवासीहरूले भक्तपुर नगरपालिकालाई पनि रुचाउँदैनथे। त्यसैले तिनले घरका झ्यालबाट सडकमा फोहर फाल्थे। यसबाट स्थानीय जनताले किन जर्मन प्रोजेक्टले निर्माण गरेका सार्वजनिक चर्पी प्रयोग गर्न रुचाएनन् भनी बुझ्न सजिलो हुन्छ। 'प्रोजेक्ट' ले बनाएका सार्वजनिक चर्पी पछि भत्काइयो। स्थानीय जनतालाई घरभित्रै निजी शौचालय बनाउन प्रोत्साहन गरियो।

**भक्तपुरको तस्बिर बदल्ने ती बीस वर्ष**





हामीले तर्क राख्यौँ, भक्तपुरको रूपान्तरित तस्बिर लामो ऐतिहासिक प्रक्रियाबाट गुज्रेको छ। यो नेमकिपाको नेतृत्वमा उदाएको र सुदृढ बनेको कम्युनिस्ट राजनीतिसँगै क्रमश: विकसित भएको छ। अब हामी भक्तपुरलाई एक रूपान्तरित छवि प्रदान गर्ने विगत २० वर्षमा आएका परिवर्तनहरूलाई प्रस्तुत गर्ने प्रयास गर्छौँ। हामीले भक्तपुरका धेरै स्थानीय जनतासँग विगत २५ वर्ष वा एक पुस्तामा उनीहरूले देखेका प्रमुख परिवर्तनहरूबारे प्रश्न गर्‍यौँ। हाम्रो प्रश्नमा उनीहरूले प्रस्ट भाषामा राजनीतिक क्षेत्रमा परिवर्तन आएको र यसले गर्दा फोहर व्यवस्थापन, स्वास्थ्य र सरसफाइ, शिक्षा र चेतना, जीवनस्तर आदिमा परिवर्तन आएको बताए।

एक रैथाने विद्वान र राजनीतिक विश्लेषक डा. हाछेथु तर्क गर्छन्, "भक्तपुरको सामाजिक र आर्थिक क्षेत्रमा भएको आधुनिकीकरणले नगरको राजनीतिमा परिवर्तन ल्याउन संयोजित भूमिका खेलेको छ। दलविहीन पञ्चायती शासनमा भएको २०३९ सालको स्थानीय निर्वाचनमा भनपाको नेतृत्व ज्यापू समुदायको हातमा गयो। त्यो निर्वाचन नेतृत्व परिवर्तनको लागि एउटा कोसेढुङ्गा हो *(हाछेथु, २००२)*।"

**नेतृत्व परिवर्तन : शक्ति सम्बन्धमा बदलाव**

२० वर्षदेखि भक्तपुर नगरपालिकामा नेमकिपा हाबी हुँदै आउनु एउटा 'विचित्र पक्ष' हो (बराल, २००४)। तथापि, जनतामा अब नगरपालिका र अन्य स्थानीय निकायमा आफ्नै जनप्रतिनिधि छन् भन्ने साझा भावना पाइन्छ। दलविहीन पञ्चायत व्यवस्थाअन्तर्गत स्थानीय निकायको निर्वाचनमा नेमकिपा सहभागी हुनुभन्दा अगाडि यस्ता पदमा उच्च जातका नेवार र गैरनेवारहरू हुन्थे। झन्डै आधा शताब्दीअघि भक्तपुरमा कम्युनिस्ट राजनीति भित्र्याउने व्यक्तिहरू पनि उच्च जातका नेवार नै थिए। यसरी २०३९ सालको स्थानीय निर्वाचनसम्म उच्च जातका नेवारहरूकै दबदबा थियो। त्यो निर्वाचनमा एकाएक स्थानीय निकायको नेतृत्व उच्च जातबाट स्थानीय किसानहरूमा आएको देखियो। गैरराजनीतिक तप्का मानिने किसानहरू नेतृत्वमा आउनु भक्तपुरे राजनीतिमा एउटा कायापलट नै थियो।

२०४६ सालको जनआन्दोलनपछि प्रजातन्त्रको पुनर्स्थापना भयो। यसपछि भक्तपुर नगरपालिकामा किसानहरूको सहभागिता र प्रतिनिधित्व ह्वात्तै बढ्यो। यसको कारण भक्तपुरको राजनीतिक प्रक्रियाभित्र फेला पार्न सकिन्छ। यो प्रक्रियामा होमिएको थियो - नेपाल मजदुर किसान पार्टी (नेमकिपा)। विसं. २०२० र ३० को दशकमा नेमकिपा भूमिसुधार आन्दोलनमार्फत गरिब र भूमिहीन किसानहरूको हकहित रक्षामा निकै सक्रिय थियो। यसले गर्दा नेमकिपाका राजनीतिक गतिविधिहरूमा किसानहरूको सहभागिता एकाएक बढ्न पुग्यो। यसकारण, २०३९ सालपछि जब नेमकिपाले स्थानीय तहको निर्वाचनमा भाग लियो र सफलता हासिल गर्दै गयो, निर्वाचित अधिकांश जनप्रतिनिधि किसान समुदायका हुनु स्वाभाविक थियो।

०३९ सालको स्थानीय तहको निर्वाचनमा विजयी भएका भनपाका ६८.४२ प्रतिशत जनप्रतिनिधि किसान समुदायका थिए। २०५६ सालको स्थानीय तहको निर्वाचनमा यो प्रतिशत बढेर ७८.९४ पुग्यो। त्यो निर्वाचनमा नगरका १७ वडामध्ये १५ मा नेमकिपाका उम्मेदवारले वडा अध्यक्ष पद जिते। साथै, नगरपालिकाको मेयर र उपमेयर पदमा पनि नेमकिपा नै विजयी भयो।

नेतृत्व परिवर्तनले भक्तपुरका जनताको सामाजिक र आर्थिक जीवनका धेरै क्षेत्रमा प्रभाव पारेको छ। जसमध्ये धेरैलाई स्थानीय जनताले अत्यन्त सह्राएका छन्। २० वर्षदेखि भक्तपुरलाई मूलत: किसान समुदायले प्रतिनिधित्व गर्दै आएको छ। यसले सकारात्मक परिवर्तन ल्याउने दूतको रूपमा सफल भूमिका खेलेको देखिन्छ। यी परिवर्तनहरू किसानहरूको जीवन र भनपाको समग्र विकासमा गजबले प्रतिबिम्बित भएका छन्। अबका अनुच्छेदहरूमा हामी यी परिवर्तनमध्ये केहीलाई रेखाङ्कित गर्नेछौँ। यी परिवर्तनलाई नेतृत्वदायी राजनीतिक दलको राजनीतिक इच्छाशक्ति र भनपाको विकासको लागि उसले लिएको विशिष्ट नीतिको परिणाम मान्न सकिन्छ। भनपाले आफ्नो दैनिक काम कारबाहीमा प्रजातान्त्रिक अभ्यासहरू कायम गर्नमा निपुणता देखाएको छ। ट्रान्सपरेन्सी इन्टरनेसनलले दशकौँ लामो भ्रष्टाचारविरोधी अडान र पारदर्शिताका लागि भक्तपुर नगरपालिकालाई 'स्वाभिमानको द्वीप' (क्ष्कबिलम या क्ष्ल(तभनचष्तथ) नामक विभूषणले सम्मानित गरेको छ।

**सफा भक्तपुर**

स्थानीय सरकारले व्यापक लोकप्रियता कमाएको एउटै क्षेत्र सफाइ हो। तर, 'सफा भक्तपुर' भनपाको एजेन्डा मात्र होइन उसका प्रयासहरूको परिणाम पनि रहिआएको छ। भक्तपुरमा सफाइ आन्दोलनको लामो इतिहास छ। तर, अहिले उद्देश्य बदलिएको छ। विगतमा सफाइ आन्दोलनलाई जनतालाई सङ्गठित गर्न र जनसमूहबिच 'कम्युनिस्ट' विचारधारा प्रचार गर्न प्रयोग गरिएको थियो। आज जनस्वास्थ्य प्रवर्द्धन गर्न र धेरै पर्यटकलाई आकर्षित गर्न सफाइमा जोड दिइँदै छ। यद्यपि, यी दुवै अर्थमा जनताको सहभागिता निर्णायक मुद्दा रहेको छ। आज सफाइ नगरपालिकाको कार्यसम्पादन नाप्ने नापो बनेको छ।

नगरपालिकामा फोहर व्यवस्थापन गर्नका लागि भनपाले परम्परागत १९६ जना सफाइ कर्मचारी खटाएको छ। यी सफाइकर्मीलाई 'पोडे' भनिन्थ्यो। यी सफाइकर्मीमध्ये ६४ जना परम्परागत पोडे जातिका छन्, जो तथाकथित अछुत हुन्। बाँकी १३२ जना किसान र गैरकिसान नेवार हुन्।

काठमाडौँबाहिर बसोबास गर्ने नेवारहरूका लागि यो अभ्यास अनौठो लाग्ला। पोडेबाहेक अरूलाई फोहर सङ्कलनको काममा लगाउनुलाई नेवारहरू वर्जना ठान्छन्। तर, भक्तपुरमा फोहर उठाउने काममा पोडेइतरका जातिको संलग्नता विगतमा चलेको राजनीतिक घटनाक्रमको परिणाम हो। २०३९ सालको स्थानीय तहको निर्वाचनमा नेमकिपाका उम्मेदवारहरू झन्डै सबैजसो पदमा निर्वाचित भएपछि भनपाका परम्परागत पोडे कुचीकारहरू हडतालमा उत्रेका थिए। यी पोडेहरू नेमकिपाबाहेकका दलका समर्थक थिए। हडतालमा उनीहरूले पूरा गर्नै नसकिने माग अघि सारेका थिए। समस्याको गाँठो फुकाउन भनपाले परम्परागत पोडे कुचीकारलाई स्थानीय गैरपोडे नेवारहरूले विस्थापित गर्ने निधो गर्‍यो।

गैरपोडेहरूले फोहर सङ्कलनको नयाँ पेसा गर्नु एउटा सशक्त पाइला थियो। यसलाई नेवारहरूको परम्परागत मूल्यमान्यताविरुद्ध विद्रोह मानिन सक्थ्यो। यसकारण, भनपाका गैरपोडे कर्मचारीहरूले चर्को आलोचना खेप्नुपर्‍यो। फोहर सङ्कलनमा संलग्न कर्मचारीहरूलाई यदाकदा सामाजिक बहिष्कार समेत गरियो। यस्तो सङ्गीन घडीमा भनपाले फोहर सङ्कलनलाई 'शुद्ध' कार्यका रूपमा चित्रण गर्ने प्रयास गर्‍यो। उसले फोहर सङ्कलनको कामलाई अछुत पोडेहरूको परम्परागत जातीय स्तरबाट अलग गर्ने भरपुर प्रयास गर्‍यो। यो लक्ष्य पूरा गर्नका लागि भनपाले माओ र गान्धीका जीवनबाट उदाहरण दिएर फोहर सङ्कलनको कामलाई एउटा महत्त्वपूर्ण समाजसेवाको रूपमा प्रोत्साहन र महिमामण्डनसमेत गर्‍यो। भनपाले आफ्नो मासिक पत्रिकामा महान् राजनीतिक नेता, लेखक तथा अन्य महत्त्वपूर्ण व्यक्तित्वसँगै सरसफाइ मजदुरहरूका तस्बिर पनि प्रकाशित गर्‍यो। यसैगरी भनपाले सबै वडा अध्यक्षहरू, ब्राह्मणलगायत उच्च जातिका मानिस र डाक्टर, इन्जिनियरजस्ता प्रतिष्ठित नागरिकहरूलाई कुचोले सडक बढार्न उत्साहित गर्‍यो। वडा अध्यक्षहरूको हकमा यो काम अनिवार्य थियो। भनपाको तथ्याङ्कअनुसार हाल नगरका ७२ प्रतिशत घरमा व्यवस्थित शौचालय छन्।

फोहर सहरबाट सफा सहरमा भक्तपुरको रूपान्तरण बाहिरियाहरूले देख्ने तथ्य मात्र होइन। भक्तपुरे जनताकै लागि पनि यो सबैभन्दा प्रशंसनीय तथ्य हो। दरबार स्क्वायरनजिकै खौमामा पुस्तक पसल राखेका पुराना राजनीतिक कार्यकर्ता जनता प्रसाद मित्राले पुराना घटनाहरू सम्झिए - उहिले भक्तपुर नगरमा प्रत्येक वर्ष बर्खा याममा हैजा फैलिन्थ्यो र त्यसले धेरै भक्तपुरेहरूको ज्यान लिन्थ्यो। अहिले नगरवासीहरू यो समस्याबाट मुक्त भएका छन्। किनभने, अहिले नगर सफा भइसकेको छ।

**शिक्षा र सफाइ**

सफाइका साथै भनपाले नगरवासीहरूबिच शिक्षालाई प्रवर्द्धन गर्न उत्तिकै महत्त्वपूर्ण भूमिका खेलेको छ। सम्भवत: नगरवासीहरूको शैक्षिक क्षमता अभिवृद्धि गर्न विभिन्न सफल आयोजनाहरू चलाउने दायित्व बोकेको देशको एकमात्र नगरपालिका हो - भक्तपुर नगरपालिका। कामरेड बिजुक्छेँ आफ्नो पार्टी र भनपाले किन शिक्षामा जोड दियो भनी कारण खुलाउनुहुन्छ। उहाँ अक्षर नचिन्ने जनतालाई सङ्गठित गर्नुपर्दा आफूले भोगेका समस्याहरू सम्झिनुहुन्छ। निरक्षर जनताले पार्टीका दस्ताबेज र पर्चा पढ्न नसक्दा संगठन गर्न सजिलो थिएन। यही तीतो अनुभवले गर्दा कम्युनिस्ट कार्यकर्ताहरूले 'अनौपचारिक शिक्षा' को अभियान सुरु गरे। यसकै बलमा कामरेड बिजुक्छेँको शब्दमा अहिले भक्तपुरका जनता देशभित्र र विश्वका विभिन्न भागमा के भइरहेको छ भन्ने विषयमा जानकार छन्।

शैक्षिक क्षेत्रमा भनपाले हासिल गरेको सफलता भक्तपुर नगरको बढ्दो साक्षरता दरबाट थाहा पाउन सकिन्छ। प्रत्येक २० वर्षमा भनपाको साक्षरता दर दोब्बरभन्दा बढी पुगेको देखिन्छ। भनपाको साक्षरता दर विसं. २०२८ मा २७ प्रतिशत थियो, २०३८ सालमा ३३ प्रतिशत, २०४८ सालमा ६२ प्रतिशत र २०५८ सालमा ७४ प्रतिशत थियो (सीबीएस, २००१)। आजका मितिमा यो दर अझ बढेको हुनुपर्छ। यो उपलब्धि 'शैक्षिक जनजागरण' को नतिजा हो (हाछेथु, २००४)। कामरेड बिजुक्छेँको विचारमा पार्टी कार्यकर्ताहरूले यस दिशामा प्रयास केन्द्रित नगरेको भए यो सम्भव हुने थिएन। पञ्चायतकालमा राजनीतिक दल र राजनीतिक क्रियाकलाप नै प्रतिबन्धित अवस्थामा छँदा (नेमिकपाका) कार्यकर्ताहरूले अनौपचारिक शिक्षा (एनएफइ) अभियान सुरु गरेका थिए। २०३९ सालपछि नगरपालिकाजस्तो वैधानिक निकायमार्फत उनीहरूले शिक्षामा जोड दिए। २०४६ सालपछि यो अभियान झन् जोडतोडका साथ चल्यो।

भक्तपुरमा शिक्षा प्रवर्द्धन गर्ने दिशामा स्थानीय कम्युनिस्ट पार्टी र भनपालाई धेरै कुराले उत्प्रेरित गरेको हुनसक्छ। तीमध्ये सबैभन्दा महत्त्वपूर्ण उत्प्रेरणा सफाइ आन्दोलनबाट प्राप्त भएको देखिन्छ। जस्तो, नेमकिपाका अध्यक्ष कामरेड बिजुक्छेँले हामीसँग भन्नुभयो, "कार्यकर्ताहरूले भक्तपुरका जनता साक्षर र शिक्षित हुनुपर्छ भन्ने आवश्यकता महसुस गरे किनभने शिक्षाबिना जनताले नगरपालिका र नेमकिपाका पर्चाहरू पढ्न र बुझ्न सक्ने थिएनन्।" कामरेड बिजुक्छेँको भनाइअनुसार भक्तपुरलाई उहाँको चर्चित पुस्तक 'सय वर्षपछिको भक्तपुर' मा कल्पना गरिए जस्तो 'आदर्श नगर' मा बदल्नका लागि शिक्षामा लगानी गरिँदै छ।

*(लेखक सुरेश ढकाल र सञ्जीव पोखरेल त्रिभुवन विश्वविद्यालय र नर्वेको बर्गेन विश्वविद्यालयबाट दीक्षित मानवशास्त्री हुन्।)*

**अनुवाद : सम्यक**



सफाइ अभियान (२०२६) को नेतृत्व गर्नुहुँदै बुद्धिकुमार गोसाईं (बिचमा)




इजरायली राष्ट्रपति आइज्याक हर्जोगको अस्ट्रेलिया भ्रमणविरुद्ध 'इजरायल हत्यारा हो अष्ट्रेलियामा स्वागत छैन भनी प्यालेस्टिनी झन्डासहित विरोध प्रदर्शन गर्दै अस्ट्रेलियाली जनता फेब्रुअरी १२, २०२६ का दिन । प्रदर्शनकारीहरूलाई तितरवितर पार्न प्रहरीले दर्जनौं राउन्ड अश्रु ग्यास हानेको र लाठीचार्ज गरेको थियो ।

*तस्बिर : एपी/असान्का ब्रेन्डन रत्नायेके*

# दक्षिण कोरिया : पूर्वगृहमन्त्रीलाई सात वर्ष कैद

सियोल, २९ माघ (एपी) । दक्षिण कोरियाका पूर्वगृहमन्त्री ली साङ-मिनलाई सन् २०२४ मा तत्कालीन राष्ट्रपति युन सुक योलले घोषणा गर्नुभएको संक्षिप्त मार्सल ल कार्यान्वयनमा सहयोग गरेको अभियोगमा बिहीबार सात वर्षको जेल सजाय सुनाइएको छ ।

उहाँविरुद्धको फैसला सोही सियोल अदालतका फरक न्यायाधीशबाट आएको हो । यो राष्ट्रपति युनविरुद्ध दायर विद्रोहसम्बन्धी मुद्दामा निर्णय आउनुभन्दा एक साताअघि सार्वजनिक भएको हो । युनमाथि लागेको विद्रोहको अभियोगमा अभियोजनकर्ताहरूले मृत्युदण्डको माग गरिरहेका छन् ।

अदालतले गृह मन्त्रालयको नेतृत्व सम्हाल्नुभएका लीले मार्सल ल कार्यान्वयनमा सहयोग गरेको, साथै सरकारको नीतिको आलोचना गर्ने सञ्चारमाध्यमहरूलाई पानी र बिजुली आपूर्ति काट्न प्रहरी र अग्नि नियन्त्रक प्रमुखहरूलाई आदेश प्रवाह गरेको ठहर गरेको छ । यद्यपि, राष्ट्रिय सभाका सांसदहरूले सैन्य र प्रहरी नाकाबन्दी तोड्दै सर्वसम्मत रूपमा मार्सल ल हटाउने निर्णय गरेपछि ती निर्देशनहरू कार्यान्वयनमा जान सकेका थिएनन् ।

लीले भने सञ्चारमाध्यमहरूलाई उपयोगिता सेवा कटौती गर्न कुनै निर्देशन प्राप्त नगरेको वा जारी नगरेको दाबी गर्नुभएको थियो । उहाँले राष्ट्रिय फायर एजेन्सीका पूर्वआयुक्त जनरल हेओ सेओक-गोनसहितका अधिकारीहरूको गवाही अस्वीकार गर्नुभएको थियो, जसमा उहाँले फोनमार्फत त्यस्ता आदेश दिएको भनिएको थियो । साथै, मार्सल ल घोषणा गर्ने षड्यन्त्र वा योजना बनाएको आरोप पनि उहाँले अस्वीकार गर्नुभएको थियो ।

न्यायाधीश रयु क्युङ-जिनले अन्य अधिकारीहरूको गवाही, सुरक्षा क्यामेरा दृश्य र उपलब्ध प्रमाणहरूले लीले युनको आदेश पालना गर्ने प्रयास गरेको स्पष्ट देखाएको बताउनुभयो । उहाँका अनुसार मार्सल ल कार्यान्वयनमा लीले महत्त्वपूर्ण भूमिका खेलेको तथ्य निर्विवाद छ ।

तर पर्याप्त प्रमाण अभावका कारण अदालतले शक्तिको दुरूपयोगसम्बन्धी अर्को आरोपबाट उहाँलाई मुक्त गरेको छ ।

फैसलापछि ली हल्का मुस्कानसहित मौन रहनुभएको थियो । उहाँका कानुनी टोलीले तत्काल अपिल गर्ने वा नगर्नेबारे कुनै प्रतिक्रिया दिएको छैन । अभियोजनकर्ताहरूले उहाँका लागि १५ वर्ष जेल सजाय माग गरेका थिए ।

मार्सल ल प्रकरणमा दोषी ठहर हुने ली युनको मन्त्रिमण्डलका दोस्रो सदस्य हुनुहुन्छ । यसअघि पूर्वप्रधानमन्त्री हान डक-सूलाई २३ वर्ष जेल सजाय सुनाइएको थियो, जसविरुद्ध उहाँले अपिल गर्नुभएको छ ।

रूढीवादी नेता युनले मार्सल ललाई आफ्नो शासनको आवश्यक कदमका रूपमा बचाउ गर्नुभएको थियो । उहाँले उदारवादी दलहरूलाई 'राज्यविरोधी शक्तिहरू' भन्दै आफ्नो विधायी बहुमत प्रयोग गरेर एजेन्डा अवरुद्ध गरेको आरोप लगाउनुभएको थियो ।

पछि युनलाई पदबाट हटाइएको छ र उहाँले जुलाईदेखि हिरासतमा रहँदै विभिन्न आपराधिक मुद्दाहरूको सामना गरिरहनुभएको छ । तीमध्ये विद्रोहसम्बन्धी अभियोग सबैभन्दा गम्भीर मानिएको छ ।

# बङ्गलादेशमा नयाँ संसद्को निम्ति मतदान सुरु

ढाका, २९ माघ (एपी) । सन् २०२४ को जेन-जी नेतृत्वको विद्रोहले शेख हसिनाको सरकार अपदस्थ गरेपछि बङ्गलादेशले पहिलो पटक संसदीय निर्वाचनमा मतदान गरेको छ । वर्षौंको राजनीतिक अस्थिरतापछि भएको यो चुनावलाई देशको लोकतन्त्रको महत्त्वपूर्ण परीक्षाका रूपमा हेरिएको छ ।

बिहीबार बिहान ढिलो सुरु भएको मतदान मध्याह्नसम्म राजधानी ढाका र अन्य सहरका केन्द्रहरूमा उत्साहजनक सहभागितासहित अघि बढेको थियो । मतदान बिहीबारभर जारी रहनेछ भने नतिजा शुक्रबार सार्वजनिक हुने अपेक्षा गरिएको छ ।

पूर्वप्रधानमन्त्री हसिना देशबाट बाहिरिएपछि र उहाँको अवामी लिग पार्टीमाथि प्रतिबन्ध लगाएपछि पहिलोपटक भएको यस निर्वाचनमा करिब १२ करोड ७० लाख मतदाता सहभागी हुन योग्य रहेका छन् । हसिना हाल भारतमा निर्वासनमा बस्दै आउनुभएको छ ।

बङ्गलादेश नेसनलिस्ट पार्टी (बिएनपी) का तारिक रहमान आगामी सरकार गठनका प्रमुख दावेदारका रूपमा देखिनुभएको छ । उहाँ पूर्वप्रधानमन्त्री खालिदा जियाका पुत्र हुनुहुन्छ र १७ वर्ष लन्डनमा स्व-निर्वासनपछि गत डिसेम्बरमा स्वदेश फर्कनुभएको थियो । उहाँले लोकतान्त्रिक संस्थाहरूको पुनर्निर्माण, विधिको शासन सुदृढीकरण र सङ्घर्षरत अर्थतन्त्र पुनर्जीवित गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

उहाँलाई चुनौती दिने शक्तिका रूपमा जमात-ए-इस्लामीको नेतृत्वमा ११ दलीय गठबन्धन अघि आएको छ । हसिनाको शासनकालमा प्रतिबन्धित उक्त इस्लामवादी दलले पछिल्लो समय प्रभाव बढाएको छ । यसले विशेषगरी महिला र धार्मिक अल्पसङ्ख्यक समुदायमा चिन्ता बढाएको छ । बङ्गलादेशमा करिब ९० प्रतिशत मुस्लिम र झण्डै आठ प्रतिशत हिन्दू समुदाय बसोबास गर्छन् । जमातका प्रमुख शफिकुर रहमानले मतदानपछि 'यो निर्णायक मोड हो' भन्दै जनताले परिवर्तन चाहेको बताउनुभएको छ ।

नोबेल शान्ति पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले निष्पक्ष र पारदर्शी मतदान गराउने प्रतिबद्धता जनाएको छ । करिब ५०० अन्तर्राष्ट्रिय पर्यवेक्षक र विदेशी पत्रकार उपस्थित रहेको जनाइएको छ, जसमा युरोपेली सङ्घ (इयु) र राष्ट्रमण्डलका प्रतिनिधिहरू पनि समावेश छन् ।

तीन सय ५० सदस्यीय संसद्मा ३०० सदस्य प्रत्यक्ष निर्वाचित हुनेछन् भने ५० सिट महिलाका लागि आरक्षित छन् । सांसदहरू बहुलताका आधारमा चयन हुनेछन् र संसद्को कार्यकाल पाँच वर्षको हुनेछ । एक उम्मेदवारको निधनपछि एउटा निर्वाचन क्षेत्रमा मतदान स्थगित गरिएको निर्वाचन आयोगले जनाएको छ ।

अघिल्ला वर्षहरूमा भएको हिंसा, अल्पसङ्ख्यक र प्रेसमाथिका आक्रमण तथा विधिको शासन कमजोर बनेको अवस्थापछि यो चुनाव हुँदैछ । सन् १९७१ मा पाकिस्तानबाट स्वतन्त्रता पाएपछि बङ्गलादेशको राजनीति दलगत द्वन्द्व, सैन्य कू र मत हेरफेरका आरोपले प्रभावित हुँदै आएको छ । करिब ५० लाख पहिलो पटकका मतदाता यसपटक निर्णायक बन्न सक्ने अपेक्षा गरिएको छ ।

२८ वर्षीय मतदाता इकराम उल हकले यो पहिलोपटक स्वतन्त्र रूपमा आफ्नो मत व्यक्त गर्न पाएको अनुभव रहेको बताउनुभयो । "हामी चुनावलाई पर्वका रूपमा मनाइरहेका छौँ", उहाँले भन्नुभयो, "मलाई बङ्गलादेशमा ठूलो परिवर्तनको आशा छ ।"

निर्वाचनसँगै राष्ट्रिय चार्टरअन्तर्गत प्रस्तावित संवैधानिक सुधारबारे जनमतसङ्ग्रह पनि गरिएको छ । बहुमतले समर्थन गरेमा नयाँ संसद्ले १८० कार्यदिनभित्र संवैधानिक सुधार परिषद् गठन गर्नेछ । प्रस्तावमा द्विसदनालक व्यवस्थापिका स्थापना र माथिल्लो सदनलाई संविधान संशोधनको अधिकार दिने व्यवस्था समावेश छ ।

बिएनपी र जमात-ए-इस्लामीले केही संशोधनपछि दस्तावेजमा सहमति जनाएका छन् । तर अवामी लिग र उसका केही पूर्व सहयोगीहरूलाई प्रक्रियाबाट बाहिर राखिएको भन्दै जनमतसङ्ग्रहको आलोचना पनि भइरहेको छ । यस चुनावले बङ्गलादेशको लोकतान्त्रिक भविष्यको दिशा तय गर्ने अपेक्षा गरिएको छ ।

## विश्व सङ्क्षेप

### क्यानाडाली सामानमा लगाइएको करविरुद्ध अमेरिकी संसद्को मतदान

वासिङ्टन, २९ माघ (क्युएनए) । अमेरिकी संसद (हाउस अफ रिप्रेजेन्टेटिभ्स) ले बुधबार राष्ट्रपति डोनाल्ड ट्रम्पको क्यानाडाली सामानमा लगाइएको कर खारेज गर्ने पक्षमा मतदान गरेको छ ।

डेमोक्र्याटले प्रस्ताव गरेको मतदानमा छ जना रिपब्लिकनसहित २१९ जना प्रतिनिधिबाट स्वीकृति प्राप्त भएको छ भने विपक्षमा २११ जना रहेका छन् । प्रस्ताव क्यानाडाली सामानहरूमा दण्डात्मक व्यापार उपायहरू राख्न ट्रम्पको प्रयासको विरुद्धमा भएको जनाइएको छ ।

संसदमा डेमोक्र्याटहरू २१४ सिटमा छन् भने रिपब्लिकनहरूको २१८ सीट रहेको छ ।

पछिल्लो समयमा सिनेटमा प्रस्ताव पारित हुने सम्भावना बढ्दै गएको छ, जसले पहिले दुई पटक मतदान गरी ट्रम्पलाई क्यानाडामा कर लगाउनबाट रोकेको जनाइएको छ ।

### थाइल्यान्डको एक विद्यालयमा गोली चल्दा प्रधानाध्यापकको मृत्यु

बैङ्कक, २९ माघ (सिन्ह्वा) । दक्षिणी थाइल्यान्डको सोङ्खला प्रान्तमा बुधबार भएको गोली हानाहानमा विद्यालयका प्रधानाध्यापकको मृत्यु भएको विद्यालयले बिहीबार जारी गरेको सूचनामा उल्लेख छ ।

रोयल थाई प्रहरीले बिहीबार सामाजिक सञ्जालमार्फत आक्रमणमा एकजना प्रिन्सिपलको मृत्यु हुनुका साथै दुई जना विद्यार्थी घाइते भएको पुष्टि गरेको छ ।

प्रहरीका आुसार संदिग्ध १७ वर्षीय स्थानीय पुरुषलाई हिरासतमा लिइएको छ अपराधीले प्रहरीबाट चोरी गरेको राइफलले अपराध गरेका थिए ।

सोङख्ला प्रान्तीय जनसम्पर्क कार्यालयले यस अघि एक बन्दुकधारीले हाट याई जिल्लाको एक विद्यालयमा आक्रमण गरी गोली चलाएको र शिक्षक तथा विद्यार्थीहरूलाई बन्धक बनाएको सङ्केत जनाएको थियो ।

### सुडानमा डुङ्गा डुब्दा २१ जनाको मृत्यु : स्थानीय सरकार

खार्तुम, २९ माघ (एएफपी) । उत्तरी सुडानको नाइल नदीमा डुङ्गा डुब्दा कम्तिमा २१ जनाको मृत्यु भएको स्थानीय सरकार तथा प्रत्यक्षदर्शीहरूलाई उदृत गर्दै एएफपीले जनाएको छ ।

दुर्घटनापछि मृतकको शव बरामद भइसकेको र उनीहरूको नाम सूचीबद्ध गरेको तथा केही यात्रु अझै बेपत्ता रहेको बताइएको छ ।

स्थानीय सरकारको विज्ञप्तिमा डुङ्गा तैबा अल-खवाद र दिम अल-कराई गाउँहरूबिचको नदी पार गर्दै गर्दा दुर्घटनामा परेको उल्लेख गरिएको छ यद्येपी दुर्घटनाको कारण भने उल्लेख गरिएको छैन ।

प्रत्यक्षदर्शीलाई उदृत गर्दै एएफपीले डुङ्गामा ३० जना सवार रहेको बताएको छ ।

सुडानीज डक्टर्स नेटवर्कले एक विज्ञप्तिमार्फत डुङ्गामा सवार छ जना यात्रुहरू जिवित रहेको जनाएको छ ।

नेटवर्कले उक्त घटनाले "नदी यातायातको नाजुकता र आधारभूत सुरक्षा आवश्यकताहरूको अभाव, अधिकारीहरू र नागरिक सुरक्षा उद्धार टोलीहरूको पूर्ण अनुपस्थिति" उजागर गरेको छ ।

सुडानीहरू एकल-इन्जिन डुङ्गाहरूमार्फत एकल अपरेटरहरूको नेतृत्वमा नदी पार गर्ने गर्छन् भने लगभग तीन वर्षदेखि चलिरहेको युद्धका कारण देशको पूर्वाधार ध्वस्त हुँदै गएको छ । युद्धले देशलाई सेना र अर्धसैनिक द्रुत समर्थन बलहरूबिच विभाजित गरेको छ भने सार्वजनिक सेवा, चिकित्सा र शैक्षिक पूर्वाधारमा गम्भीर गिरावट आएको छ ।

### युक्रेनलाई बेलायतको हवाई रक्षा सहयोग

ब्रसेल्स, २९ माघ (एएफपी) । बेलायतले युक्रेनको ऊर्जा र ताप प्रणालीमाथि भइरहेका रुसी आक्रमण रोक्न सहयोग पुर्‍याउने उद्देश्यले करोडौं डलर बराबरको हवाई रक्षा प्याकेज घोषणा गरेको छ । बिहीबार गरिएको उक्त प्रतिबद्धताले युद्धग्रस्त युक्रेनको नागरिक पूर्वाधार जोगाउन थप सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

बेलायती रक्षा मन्त्रालयका अनुसार करिब २० करोड डलर अमेरिकी हतियार खरिदका लागि खर्च गरिनेछ । यो व्यवस्था अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पद्वारा समर्थित नाटो योजनाअन्तर्गत हुनेछ । यससँगै लन्डनले ५० करोड डलरभन्दा बढी मूल्यका एक हजार ब्रिटिस निर्मित हल्का मिसाइलहरू किएभ पठाउने निर्णय गरेको जनाएको छ ।

बेलायती रक्षामन्त्री जोन हेलीले युक्रेनका सहयोगी राष्ट्रहरू 'पहिलेभन्दा बढी प्रतिबद्ध' रहेको बताउनुभएको छ । उहाँले रुसद्वारा सुरु गरिएको युद्ध पाँचौं वर्षतर्फ अग्रसर भइरहेका बेला समर्थन झनै सुदृढ बनाउनुपर्ने आवश्यकता औँल्याउनुभएको छ ।

यो घोषणा नाटोका रक्षामन्त्रीहरूको ब्रसेल्स बैठकपछि आएको हो, जहाँ युक्रेनलाई कसरी थप सैन्य सहयोग गर्ने भन्ने विषयमा विस्तृत छलफल भएको थियो ।

### वडाध्यक्षको डायरीबाट

# आफ्नो स्वार्थ खोज्नेलाई टोल, समाज र देशको केही मतलब नहुने रहेछ

● कुशल

मेरो वडामा सडक चौडा पार्ने काम भइरहेको थियो । म समन्वयकारी भूमिका निभाउँदै थिएँ । सडक दुई वडाको सिमानामा पर्ने भएकोले अर्को वडाको वडाध्यक्ष पनि समन्वयकारी भूमिकामा हुनुहुन्थ्यो । नेपाल सरकारको र नगरपालिकाको मापदण्डअनुसार सडक चौडा पार्ने प्रदेश सरकारको योजनाअनुसार नगरपालिकाबाट आफ्नो वडाको क्षेत्रमा परेको हुँदा दुवै वडाध्यक्षले सडक चौडा गर्ने योजनामा समन्वय गरिरहेका थिए । ठेकेदारलाई स्थानीय जनताले अलमल गर्दा फिल्डमा गई आवश्यक सहयोग गर्नु मेरो मुख्य दायित्व थियो । हरेक दिनजसो म फिल्डमा गइरहेको थिएँ । त्यसमध्येको एक दिन मापदण्डसम्बन्धी एउटा विवाद उठ्यो । बाटो वारिपट्टि दुवै घरले नक्सा पास गरी घर बनाएको रहेछ । वारिपट्टिको घर गोविन्द सुवाल (नाम परिवर्तित) को थियो भने पारिपट्टिको घर हरिकृष्ण माक (नाम परिवर्तित) को थियो । गोविन्दजीले पनि सरकारको मापदण्डअनुसार सात मिटर छोडेर घर बनाएका थिए भने अर्कोपट्टिका हरिकृष्णजीले मापदण्ड सात मिटर अलावा थप पैसठी सेन्टिमिटर छोडेर घर बनाएको देखिन्छ । नक्सा हेर्दा दुवैको कागजमा सही देखियो । तर, फिल्डमा ठेकेदारले नक्साअनुसार बाटोको चौडाइ नभएको खबर गरेपछि म आफै फिल्डमा गएँ ।

फिल्डमा जाँदा दुवैपट्टिका घर धनीहरू अलि ठुलो ठुलो स्वरमा कराइराख्नुभएको थियो । मैले गोविन्दजीलाई सोधेँ, "के भयो दाइ ?" उहाँले प्रतिउत्तरमा भन्नुभयो, "नगरपालिकाको मापदण्डअनुसार नापेर रिटेनिङ वाल बनाउनुस् । म आवश्यक सहयोग गर्छु । तर, मैले घर बनाउन नक्सा पास गर्दा मापदण्ड सात मिटर छोडेकोले नक्साअनुसार गर्नुस् । यसमा मेरो केही आपत्ति छैन । अझ तपाईं वडाध्यक्षले जसरी मिलाएर गर्दा नि मेरो सहमति छ । अलि अलि छोड्न पनि तयार छु ।" गोविन्द दाइको कुरा सुन्दा ठिक्कै लाग्यो । त्यसपछि हरिकृष्णजीलाई सोधेँ, "तपाईंलाई के कुरामा चित्त बुझेन दाइ भन्नुस् ।" उहाँले भन्नुभयो, "मैले नक्सा पास गर्दा सात मिटर पैसठी सेन्टिमिटर छोडेको छु । त्यसैले त्यत्तिमा तपाईं वाल बनाएर लानुस् र सडक चौडा गर्नुस् । म सहयोग गर्न तयार छु । विकास निर्माण भन्ने कुरालाई रोक्नु हुँदैन ।" उहाँको कुरा सुन्दा पनि मलाई ठिक्कै लाग्यो ।

त्यसपछि मैले वडाको प्राविधिक र सहयोगी एक जना लिएर आफै टेप समाउँदै नाप्न थालेँ । दुवै जनाको नक्सा पनि हेरेँ । दुवै जनाले नक्सा पास गरेर नै बनाएको रहेछ । दुवैको पास नक्साअनुसार बाटोको चौडाइ चौध मिटर पैसठी सेन्टिमिटर हुनुपर्ने तर फिल्डमा देखिएन । म अलमलिएँ । फेरि एक पटक कामदारको सहयोग लिएर नाप लिन थालेँ । नाप त्यत्तिनै देखियो । मैले दुवैलाई अगाडि बोलाएर त्यसको जानकारी गराएँ । दुवैले आफूले मापदण्डअनुसार छोडेको बाहेक जग्गा नछोड्ने अडान लिनुभयो । फिल्डमा चौध मिटर २० सेन्टिमिटर मात्र देखियो ।

मैले दुवैलाई आपसी सहमति गर्न र दुवैले अलि अलि त्याग गर्न अनुरोध गरेँ । तर, दुवैजना तसको मस देखिएन । हरिकृष्णजीको श्रीमती त कुनै पनि हालतमा एक इन्च जग्गा पनि छोड्न तयार देखिएनन् । कमसेकम २० सेन्टिमिटर जग्गा छोड्न दुवै जनालाई अनुरोध गरेँ । तर, दुवैजना तयार भएनन् । त्यसपछि मैले दुवैलाई तपाईंहरूको घर अगाडि वाल निर्माण गर्न नसकिने जानकारी दिएँ । त्यसपछि हरिकृष्णजीको श्रीमतीले रिसाएर भन्नुभयो, "मलाई विकास निर्माणको केही मतलब छैन । यो बाटो चौडा भए पनि के ? नभए पनि के मतलब ? अर्काको घर निर्माण गर्दा पास गरेको नक्सा अनुसार छोडेको जग्गा मेरो शत्रुलाई दिने गरी म वाल निर्माण गर्न कहाँ दिन्छु र ? वडाध्यक्षले छोड भन्दैमा कहाँ जग्गा छोड्न सकिन्छ र ? बरु वाल नबनाए केही छैन ।" हरिकृष्णले १० इन्च जग्गा छोड्न तयार भएको जानकारी दिए । तर, उनका श्रीमती मान्न तयार भइनन् । श्रीमान् र श्रीमतीबिच फेरि जग्गा छोड्ने विषयमा झगडा सुरु भयो । मैले दुवै जनालाई झगडा नगर्न अनुरोध गरेँ । तपाईं दुवैको सहमतिबिना एक इन्च पनि जग्गा नलिने भनेपछि बल्ल श्रीमान् र श्रीमतिबिच झगडा बन्द भयो ।

गोविन्दजीलाई हरिकृष्णजी दस इन्च जग्गा छोड्न तयार भएको र तपाईं पनि अलि जग्गा छोड्न तयार हुनुहोस् भनी अनुरोध गरेँ । तर, उनी पनि एक इन्च जग्गा छोड्न तयार देखिएनन् । कमसेकम उनलाई मैले तीस इन्च जग्गा छोड्न अनुरोध गरेँ । तर उनी पनि आफ्नो अडानमा तसमा मस देखिएनन् । त्यसपछि मैले अर्को वडाको वडाध्यक्षसँग परामर्श गरेँ । उहाँ पनि कुरा मिलाउन खोजिरहनुभएको थियो । उहाँले नपुगेको जति जग्गा दुवैलाई बाँडेर मिलाउने भन्ने बिचको उपाय ल्याउनुभयो । त्यस कुरामा मेरो चित्त बुझ्यो । त्यसपछि उहाँमार्फत त्यस विषयमा दुवैलाई अनुरोध गरेँ । त्यस प्रस्तावमा दुवै जना रिसाए । हरिकृष्णले नक्सा पास नै भएको र आफ्नो श्रीमती नमानेको हुँदा यो प्रस्ताव झनै काम नलाग्ने बताए भने गाविन्द पनि एक इन्च जग्गा छोड्न तयार देखिएनन् ।

बाटोमा मानिस धेरै जम्मा भइसकेको थियो । गाडी जाम भइसकेको थियो । मानिसहरू के कुरामा झगडा भए भनी हेर्न आउन थालेका थिए । अवस्था हेर्दा कुरा मिल्न नसकिने देखिएपछि वडामा आएँ । घडी हेर्दा बिहानको नौ बजेको थियो । त्यही भएर सेवाग्राहीहरू पनि आएका थिएनन् । म कुर्सीमा बसेर त्यस विषयको समाधान के होला भनी सोच्न थालेँ । कस्ता कस्ता मानिसहरू पनि हुनेरहेछ जस्तो लाग्यो । सरकारले हाम्रै ठाउँको विकास गर्न राखेको बजेटसमेत प्रयोग गर्नको लागि उचित वातावरण बनाई नदिने जनता पनि हुनेरहेछ । आफ्नो निजी स्वार्थमा टकराव भएपछि विकास निर्माणको केही मतलब नहुनेरहेछ । आफ्नो स्वार्थ पूरा हुने भए उसलाई टोल, समाज र देशको केही मतलब नहुनेरहेछ । कानुनीरूपमा आफू बलियो र सही देखिएपछि नगरपालिका, वडा कार्यालय अनि वडाध्यक्षको अनुरोध पनि फिक्का हुनेरहेछ । त्यसैले नितान्त निजी स्वार्थलाई मात्र सर्वोपरि मान्ने अनि आफ्नो परिवार मात्र सबथोक ठान्ने मानिसहरूले कसरी टोल, समाज र देशको लागि सोच्न सक्छ र ? उसका निम्ति त आफ्नो पास भएको नक्सा नै सबैभन्दा ठुलो भयो । मापदण्ड पूरा गरेँ भन्ने दुवैलाई घमण्ड थियो । पास भएको नक्साअनुसार फिल्डमा जग्गा नभएको र त्यसमा आफूले पनि गल्ती भएर भएको हो कि भन्ने दुवैसित अलिकति पनि सोच भएन । अर्को वडाध्यक्षले बाटोमात्र होइन दुवैको जग्गा र घर नै नाप्नुपर्ने प्रस्ताव पनि ल्याउनुभएको थियो । वास्तवमा दुवैमध्ये एकजनाले अवश्य मापदण्डविपरीत घर बनाएको अनुमान मैले लगाएँ । तर मेरो अनुमानको के मूल्य छ र ? हामी दुवै वडाध्यक्षले दुवै घरधनीलाई सम्झाउन नसकेपछि त्यसको के महत्त्व भयो र ? यो टोल, समाज र देश यस्तै स्वार्थी मानिसहरू धेरै भएर नै विकास हुन नसकेको अनुभव भयो । वडा समितिको बैठकमा पनि यस विषयमा छलफल गरेँ । दुवै पक्षलाई वडामा बोलाएर छलफल गर्ने सहमति भयो । त्यही सहमतिअनुसार वडामा दुवैलाई बोलाएँ । तर दुवै सहमत भएनन् ।

केही महिनापछि दुवै वडाको वडाध्यक्ष मिलेर प्रहरी प्रशासन राखेर भए पनि मापदण्डअनुसार सडक चौडा गर्न ठेकेदारलाई निर्देशन दियौँ । ठेकेदारले पनि त्यही निर्देशनअनुसार प्रहरीलाई खबर गरी जबरजस्ती सडक चौडा पारे । प्रहरी प्रशासनको डर भएपछि दुवै पक्ष कराउन नआएको ठेकेदारले जानकारी दिए । त्यसपछि मात्र बल्ल मेरो मनलाई शान्ति मिलेको अनुभव भयो ।

# भ्रम र झूटको खेतीमा नभुलौं !

● वस्तुराज 'शीतल'

काठमाडौं । देश र जनताको निम्ति लड्दै आएको पार्टीका नेता तथा कार्यकर्ताहरूलाई भ्रष्टाचारी, सहकारी ठग, विदेशीको सहयोग र इसारामा चल्ने दलका नेता कार्यकर्ताहरूले मनपराउँदैनन् । सीमा अतिक्रमणको विरोध गरी देश जोगाउने अभियानमा लागेका दलका नेता तथा कार्यकर्तालाई विदेशी स्वार्थमा चल्ने दलका नेताहरूले मन नपराउनु या विरोध गर्नु स्वाभाविक हो । विरोधको लागि विरोध गर्ने दलका नेता तथा कार्यकर्ताले नेमकिपा र नेक्राकिसङ्घले थालेको मोहियानी हक अभियानबाट मोही हक कायम भएको र मोहीले आधा हक पाएर जीवनस्तर उठेको देख्दैनन् ।

देशमा अनिवार्य शिक्षा र नि:शुल्क शिक्षाको बन्दोबस्त राज्यले गर्ने हो । नि:शुल्क स्वास्थ्य सेवा प्रदान गर्ने राज्यले हो । मेडिकलसहितको खवप विश्वविद्यालय सञ्चालनको स्वीकृति दिने काम सरकारको हो । कसैले विरोध नै गर्नु छ भने खवप विश्वविद्यालय सञ्चालनको स्वीकृति माग्नेको होइन स्वीकृति नदिनेको विरोध गर्नुपर्ने हो ।

कुनै पनि व्यक्तिले इच्छाएको दलमा गएर राजनीति गर्नु उसको अधिकारको कुरा हो । तर, व्यक्तिगत स्वार्थको निम्ति राजनीति गर्ने व्यक्तिहरूले देश र जनताको चिन्ता लिँदैनन्; चिन्ता लिएर काम गर्दैनन् । स्थानीय तहले स्थानीय विकासको काम गर्छ । गाउँ विकास समितिले गाउँको र नगरपालिकाले नगरको विकास गर्छ । अहिले जिल्ला विकास समिति नभएको हुँदा जिल्ला जिल्लाको विकास गर्ने काम सरकारको हुन्छ । सरकार या सरकारको नेतृत्व गरेको दलले विकास गर्नुपर्ने काम कुनै सांसदले गरेनन् भनेर जनतामाझ भ्रम फैलाउने काम सही राजनीति होइन ।

स्वदेशमै रासायनिक मल कारखाना खोलेर देशभरिका किसानलाई राहत पुऱ्याउन र देशको आयस्रोत बढाउन आवाज बुलन्द गर्ने काम के देश र जनताको हितमा होइन ? रासायनिक मल कारखाना खोल्न सडक र सदनमा आवाज उठाइरहने दल नेमकिपाबाहेक अरु कुन छ ? राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू नेपालभित्र पसेर विदेशी चलखेल बढिरहेको विषयमा सशक्त आवाज उठाउने, भक्तपुरदेखि काठमाडौँसम्म जुलुस गर्ने, एमसीसीको विरोधमा संसद्मा घेराउ दिने दल कुन हो ? आज विदेशी चलखेल र घुसपैठ बढेरै सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत जलेको होइन ? नेमकिपाले भनेझैँ देशमा समयमै विदेशी चलखेल रोकेको भए, सतर्क भए के देश जल्थ्यो ? नेमकिपाको त्यो आवाज देश र जनताको हितमा होइन ?

नगरपालिकाले कलेज, अस्पताल, शिशुस्याहार केन्द्र खोल्नु, सम्पदा संरक्षण गर्नु, सरसफाइमा ध्यान दिनु, बाटाघाटा, सडक निर्माण र बनाउनु के विकास होइन ? हो, स्वच्छ मनका भक्तपुरवासीले भक्तपुरको विरोध गर्दैनन् । विरोधको निम्ति विरोध गर्नेहरू भक्तपुरमा मात्र होइन जिल्ला जिल्लामा छन्; हिजो पनि थिए आज पनि छन् । विगतमा राजाभन्दा राजावादीहरू जान्ने भएरै राजतन्त्र अन्त्य भएका हुन् । प्रजातन्त्रभन्दा प्रजातन्त्रप्रेमी बन्नेहरू, स्वतन्त्रको नाउँमा मनपरी बोल्ने अझ स्वतन्त्रभन्दा बढी स्वतन्त्रवादीहरूकै कारण प्रजाताात्रिक दल र स्वतन्त्र भन्ने दलहरूको विरोध बढ्दै गएको हो ।

कुनै पनि स्वच्छ व्यक्तिको राजनीतिक कार्यकर्ता या व्यक्तिले आफ्नो माग पूरा गरे त्यही दलमा रहने र पूरा नगरे अर्को दलमा जाने विचार व्यक्त गर्दैन । संविधानसभाको निर्वाचनताका एक मधेस एक प्रदेश नभए देश नरहने, तराई टुक्रा गर्ने र काठमाडौं उपत्यकालाई नाकाबन्दी गर्ने चेतावनी दिएका नेताहरू अहिले पनि दलको नेतृत्व गरिरहेका छन् । आफ्नो माग पूरा नहुने भए देशै नरहने चेतावनी दिने नेताहरूको भरमा के देश चल्छ; देश बन्छ ?

सबै भूकम्प पीडितहरूले अझै घर बनाउन सकेका छैनन् । भूकम्प पीडितले घर बनाउन नसक्नुको कारणले स्थानीय तह होइन । भूकम्प पीडितको लागि घर बनाउन राज्यले रु. ३ लाखसम्म खर्च व्यहोर्ने निर्णय गरेको हो । त्यो रकम किस्ता किस्तामा सरकारले दिन्छ । घर नबनाउनुका अनेक कारण छन् । दाजुभाइ नमिलेर, मुद्दा परेर, अन्तै नयाँ घर बनाएर या अन्य कारण नबनाइएको हो । यो निर्वाचनमा विरोधको नम्ति विरोध गर्ने दलका उम्मेदवारहरूले यसको दोष स्थानीय तहलाई दिए । यो झूटको राजनीति हो ।

गएको निर्वाचनमा नयाँ भनिने दलको पनि केही सांसद जितेको थियो । अरु दलका सांसदलाई के गरे भनी सोध्नुभन्दा आफ्नो दलको सांसदले के गरे भनी फर्केर हेर्नु पर्दैन ? यहाँ किसान आन्दोलन नभएको भए किसानले आधा आधा जग्गा पाउँदैनथे; गुठी जग्गा रैतानीमा परिणत गर्न पाउँदैनथे । भ्रष्टाचार नगर्ने, घुस नखाने जनप्रतिनिधिहरूको स्थानीय तह छान्नुपऱ्यो भने भक्तपुर नगरपालिका नछानी सुखै छैन । भक्तपुर नगरपालिकाले झैँ अरु नगरपीलका र गाउँपालिकाले पनि काम गरेमा देशको विकास धेरै अगाडि बढेको हुन्छ ।

नेमकिपा र नेमकिपाबाट निर्वाचित सांसदहरूको कारण देश विकास नभएको होइन । देश विकास नहुनुमा सरकारमा गएका सबै दल र दलका नेताहरू यसका दोषी हुन् । नेमकिपाले सडक र सदनमा राखेका सबै विषय देश र जनतासित नै सम्बन्धित छन् । नेमकिपाले राखेको आवाजलाई सरकारले लागु गरेको भए देशमा सन्तुलित विकास हुन्थ्यो; साम्प्रदायिक भावना फैलिँदैनथ्यो; सबैको देश र जनताप्रति विश्वास हुन्थ्यो; सर्वसाधारण जनताका छोराछोरीले पनि नि:शुल्क उच्च शिक्षा हासिल गर्न पाउँथे; स्वदेशमै रोजगार पाउँथे; विदेश जान बाध्य हुँदैनथ्यो; भ्रष्टाचार र अनियमितता हुँदैनथ्यो; उद्योग कारखाना खोलेर जनताका आधारभूत आवश्यकता पूर्ति हुन्थ्यो ।

देश जोगाउने र बनाउने अभियानमा लागेका नेमकिपा र नेमकिपाका जनप्रतिनिधिहरूलाई विरोध गर्नु भनेको न्यायप्रेमी जनताकै विरोध गर्नु हो । देश र जनताप्रति समर्पित भएर लागेको नेमकिपा र नेमकिपाका उम्मेदवारहरूलाई साथ र सहयोग गर्नु नेपाली जनताको कर्तव्य हो; जिम्मेवारी हो ।

# मधुमेह ?



अरुणा उप्रेती

पञ्चामृतमध्येको एक मानिने मह वा मधु स्वास्थ्यका लागि लाभदायी नै हुन्छ । तर, मधुमेह लागेपछि हामी तर्सिन्छौँ । आजीवन औषधि सेवन गर्नुपर्छ भनेर मन बेचैन हुन्छ । त्यसमाथि बालबालिकालाई मधुमेह भयो भने त अभिभावकको मन नै भरंग हुन्छ ।

मधुमेहका प्रकारमध्ये पहिलो, शिशुको शरीरको रगतमा चिनी (ग्लुकोज) लाई नियन्त्रण गर्ने इन्सुलिन नामक तत्त्व अभाव भएर हुन्छ । दोस्रो प्रकारको मधुमेह प्राय: ४०-५० वर्षको उमेर कटेपछि अस्वस्थकर जीवनशैली, पत्रु खाना, अत्यधिक तनाव, मोटोपना आदिका कारणले हुन्छ । यस्तो अवस्थामा शरीरको इन्सुलिनले राम्रोसँग काम गर्दैन । अन्य मुलुकतिर ४० को उमेरपछि देखिने यो समस्या नेपालमा अहिले सानै उमेरका किशोरकिशोरीमा देखिन थालेको छ ।

केही अघि डा. ज्योति भट्टराईले आफ्नो क्लिनिकमा एक १६ वर्षका किशोर मधुमेहको समस्या भएर आएको सुनाउनुभएको थियो । रोजगारीका



सिलसिलामा विदेशमा भएकी आमाले ती किशोरलाई माया देखाउन धेरै पत्रु खाना, चकलेट, चिसो पेयपदार्थ खान जोड दिने रहिछन् । किशोरका बुबाले पनि उनलाई घरको स्वस्थकर खाना खान कर नगर्ने रहेछन् ।

पछि अनेक समस्या भएर जाँच गर्दा मोटोपन, अस्वस्थकर खाना र जीवनशैलीले उनलाई मधुमेह भएको पत्ता लाग्यो । सानै उमेरमा मधुमेह भएपछि उनलाई इन्सुलिन नै चलाउनुपऱ्यो । यसपछि बल्ल अभिभावकको पनि चेत खुल्यो ।

इन्सुलिन दिएर, खानामा सुधार ल्याएर, मोटोपन घटाएपछि उनको मधुमेहको अवस्था सुधार हुँदै गयो । बिस्तारै इन्सुलिनको मात्रा पनि घटाउँदै लगियो र बन्द गरियो । अहिले उनी मधुमेहबाट मुक्त छन् । पहिले नै अभिभावकले ध्यान दिएको भए यो समस्या आउने नै थिएन । तर उनले भविष्यमा खानपान र जीवनशैली पुन: बिगारे भने यो समस्या बल्झिन सक्छ ।

बुटवल घर भएका एक १४ वर्षीय किशोर पनि पत्रु खानाका कारण मधुमेहपीडित छिन् । निधारको घाउ निको नभएर जचाउँदा उनलाई दोस्रो प्रकारको मधुमेह भएको पत्ता लागेको थियो । उनले औषधि सेवन गरेर मधुमेह नियन्त्रणमा राखिरहेका छन् ।

**'मधुमेह तेस्रो'**

हार्वर्ड स्कूल अफ पब्लिक हेल्थ र विश्व स्वास्थ्य सङ्गठनले एक दिनमा एक पुरुषले नौ चम्चा र महिलाले ६ चम्चा चिनी मात्र खान भनेर सिफारिश गरेको छ । तर, प्रति ३५५ मिलिलिटर चिसो पेयपदार्थमा ११ चम्चा चिनी हुन्छ । यस्तै, केक, कुकिज, पाउरोटी आदि खाँदा हामीले आवश्यकताभन्दा बढी चिनी सेवन गरिरहेका हुन्छौँ । साथै, फलफूलको रस भनेर स्वास्थ्य बिगार्ने जूसहरू पनि चिनीले भरिपूर्ण हुन्छन् । जन्मदिनजस्ता उत्सवहरूमा पनि केकमार्फत हामी जानीनजानी बालबालिकाहरूलाई मधुमेहको समस्या दिइरहेका हुन्छौँ ।

मधुमेह लागेपछि मिर्गौला बिग्रने सम्भावना पनि हुन्छ । मिर्गौलाले काम गर्न छोडेपछि शरीरका अन्य अङ्ग पनि शिथिल हुँदै जान्छ । यस्तै, मधुमेहले बिर्सने रोग निम्त्याउन सक्छ भनेर पनि अनुसन्धान भइसकेको छ । यस्तो बिर्सने रोगलाई कतिपयले 'मधुमेह तेस्रो' भनी नामकरण गरेका छन् ।

मोटोपन, मधुमेह र खानपानका कारण जनस्वास्थ्यमा परेको समस्यालाई सम्बोधन गर्न कतिपय देशले पहलकदमी पनि लिएका छन् । सिङ्गापुरमा त सन् २०१७ मा प्रधानमन्त्री ली सियन लूङले नै मधुमेहको समस्याबारे बोलेका थिए । त्यहाँ हरेक नौमध्ये एक जनामा मधुमेह छ । ६० कटेका मानिसहरूमा हरेक १० मध्ये तीन जनालाई मधुमेह छ ।

अहिले नेपालमै पनि गर्भावस्थाको जाँच गराउन अस्पताल पुगेका महिलाहरूलाई यौन रोग र मधुमेह दुवैको जाँच गराउने सल्लाह दिइन्छ । किनकि गर्भावस्थामा मधुमेह भएमा भविष्यमा त्यसले आमा र बच्चा दुवैलाई समस्यामा पार्न सक्छ । बेलैमा उपचार गरेमा आमा र शिशु दुवैलाई मृत्युबाट जोगाउन सकिन्छ ।

तर, कतिपय महिला अस्पताल वा स्वास्थ्य चौकी जान सक्दैनन् । पुग्नेहरूले पनि आवश्यक परामर्श पाउँदैनन् ।

**कुपोषितलाई पनि मधुमेह**

मोटोपन भएकालाई मात्र मधुमेह हुँदैन । कुपोषितहरूलाई पनि मधुमेह हुनसक्छ ।

जस्तो- जनकपुरकी एक ३० वर्षीया महिलालाई दोस्रो प्रकारको मधुमेह देखियो । उनलाई कुपोषणका कारण मधुमेह भएको थियो । आमालाई कुपोषण हुँदाहुँदै जन्मिएको बच्चालाई पनि मधुमेह हुनसक्छ । नेपालमा यसरी कुपोषित आमाबाट जन्मिने बच्चाहरू कति छन् ? गाउँघरमा जन्मिने बच्चाहरूको अवस्था कस्तो छ ? यसबारे त्यति चर्चा हुँदैन ।

युनिसेफको २०१९ को एक तथ्याङ्कअनुसार विश्वका प्रत्येक तीनमध्ये एक बालबालिका कुपोषणको शिकार छन् । दक्षिण एसियामा भने ५० प्रतिशत बालबालिका खराब पोषणको शिकार छन् । यस्ता बालबालिकालाई पछि मधुमेह वा उच्च रक्तचापको समस्या देखिने सम्भावना हुन्छ ।



# राष्ट्रघाती विधेयक र नीति पारित हुनबाट रोक्न संसद्मा नेमकिपा आवश्यक

भक्तपुर, २९ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औँ स्थापना दिवसको अवसरमा नेपाल क्रान्तिकारी महिला सङ्घ, प्रभात एकाइ समितिको आयोजनामा बिहीबार प्रवचन कार्यक्रम भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं वाग्मती प्रदेश सांसद सृजना सैंजूले अमेरिकाले दक्षिण एसियालाई उपयोग गरी एसिया महादेशमा तेस्रो विश्व युद्ध थोपर्ने दाउ खोज्दै रहेको चर्चा गर्दै अमेरिका विश्व अर्थतन्त्रमा दोस्रो स्थानमा पुगेको चीनलाई विश्वयुद्धमा धकेल्न चाहन्छ भन्नुभयो ।

केन्द्रीय सदस्य सैंजूले भन्नुभयो, "पुँजीवादी तथा साम्राज्यवादीहरू सामाजिक सञ्जालमाथि आधिपत्य जमाएर युद्ध सिर्जना गर्न प्रयासरत छन् । अमेरिकाले संयुक्त राष्ट्र सङ्घको समानान्तर हुने गरी बोर्ड अफिस बनाएको छ । साम्राज्यवादी अमेरिकाको पिछलग्गू जापानले अमेरिकाको निम्ति




हिन्द-प्रशान्त क्षेत्रमा सैन्य अखडाहरू निर्माणमा सघाउन तयार रहेको छ । हालसालै जीफ्रि इस्स्टिन फाइल खुला आउँदा अब साम्राज्यवादीहरू राक्षसकै अवतार हुन् भन्नु अतिशयुक्ति नहोला ।"

नेमकिपाका वाग्मती प्रदेश सदस्य जीपीले नेमकिपा स्थापनाको ऐतिहासिक सन्दर्भ उल्लेख गर्दै नेमकिपाले आधा शताब्दीदेखि नक्कली कम्युनिस्ट, साम्राज्यवादी र देशद्रोही तत्त्वहरूविरूद्ध सङ्घर्ष गर्दै जनतालाई समाजवादी विचारबाट प्रशिक्षित गर्दै आएको छ भन्नुभयो ।

नेमकिपा आदर्श समाज निर्माण गर्ने उद्देश्यसहित स्थापना भएको उल्लेख गर्दै उहाँले आदर्श समाजमा जनताका लागि शिक्षा-स्वास्थ्य नि:शुल्क, देशभित्र रोजगारीको बन्दोबस्त र सामाजिक न्याय एवम् मानिसको सांस्कृतिक स्तर उँचो हुन्छ भन्नुभयो ।

नेमकिपाका निर्वाचित जनप्रतिनिधिहरूको अगुवाइमा भक्तपुर नगरपालिकाले विकास निर्माण र जनताको सेवामा गरेको कामलाई देशव्यापी प्रचार गर्नु जरूरी छ । संसद्बाट राष्ट्रघाती विधेयक र नीति पारित हुनबाट रोक्न नेमकिपाका प्रतिनिधिहरू ससद्मा पुऱ्याउनु जरूरी छ, उहाँले भन्नुभयो ।

आयोजक समितिका अध्यक्ष मीरा दुगुजुको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा विद्यालयका प्राचार्य बदनकेशरी प्रजापति र शिक्षक अनिता देशेमरूले पनि बोल्नुभएको थियो ।

**वैदेशिक...**

भएको बताउनुभयो । उहाँले महिलाहरू पनि राजनीतिक रूपमा सचेत हुनुपर्ने बताउँदै नेमकिपाले कामदार वर्गलाई राजनीतिक रूपमा सचेत गर्ने काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा नेक्रायुसङ्घ कैलाली सदस्य तथा प्रतिनिधिसभा सदस्य उम्मेदवार कैलालीको क्षेत्र नं. ४ का अमृता भुल, क्षेत्र नं. ३ का जुनु महतारा शाहीले पनि बोल्नुभएको थियो ।

कैलालीको क्षेत्र नं. ३ अन्तर्गत घोडाघोडी नगरपालिकाको वडा नं. १० तुल्सीपुर खल्ला र वडा नं. २ साडेपानीमा पनि मतदाताहरूको बिचमा भेटघाट कार्यक्रम भएको थियो ।

**विश्वमा...**

सङ्घर्ष र आन्दोलनलाई 'श्रमिक'ले प्राथमिकता दिई प्रकाशित गरिरहेको छ । जनतालाई राजनीतिक र वर्गीयरूपमा सचेत गर्ने काम 'श्रमिक' साप्ताहिकले गर्दै आएको हुँदा पत्रिका नियमित अध्ययन गर्नु जरूरी छ ।"

समाजवादी देशमाथि नाकाबन्दी, व्यापार युद्ध लाद्ने अमेरिकी साम्राज्यवादले एमसीसीजस्ता देशघाती सन्धि-सम्झौता गराएर विश्वमा आफ्नो प्रभुत्व जमाउन खोजिरहेको हुँदा अमेरिकी साम्राज्यवादको विरोध गर्नु जरूरी छ, उहाँले भन्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य एवं सुर्खेत क्षेत्र नं २ का उम्मेदवार तुलसी खड्काले पुराना र नयाँ भनिएका शासक दलका उमेदवारहरू जुनसुकै रङ बदलेर आए पनि तिनीहरूबाट जनताको सेवा नहुने स्पष्ट पार्नुभयो ।

कर्णाली प्रदेश सदस्य एवं सुर्खेत जिल्ला अध्यक्ष हरिबहादुर बोहराले आफूलाई कम्युनिस्ट भन्न रूचाउनेहरूले समेत समाजवादी व्यवस्था स्थापना सम्भव छैन भन्दै जनतालाई भड्काइरहेका छन् भन्नुभयो ।

कार्यक्रममा प्रेमकुमार थापा, गणेश खड्का, इन्द्रप्रसाद न्यौपाने, ऐनबहादुर शाही, कुस्माखर खनाल र छत्रिका बिकले पनि बोल्नुभएको थियो ।

**समाजवादी...**

नेपाल मजदुर किसान पार्टी ४ वडा समितिका अध्यक्ष पशुपति प्रजापतिको सभापतित्वमा भएको उक्त कार्यक्रममा उपाध्यक्ष कृष्णलक्ष्मी दुवाल, सचिव विश्वराम त्वायनालगायतले बोल्नुभयो ।

उक्त भेलाबाट पशुपति प्रजापतिको संयोजकत्वमा १०१ जनाको निर्वाचन परिचालन समिति गठन गरियो । औपचारिक कार्यक्रमलगत्तै अतिथि गोसाईले नेमकिपा लाक्वलाछेँको चुनाव परिचालन समितिको कार्यालय उद्घाटन गर्नुभएको थियो ।

**अमेरिकासँगको...**

अमेरिकाले भारतबाट आयात हुने कपडा तथा तयारी पोशाक, छालाका जुत्ता, छालाबाट बनेका सामान प्लास्टिक, रबर, जैविक रसायन र केही मेसिनरी सामग्रीमा १८ प्रतिशत कर लगाउने भएको छ ।

मोदी सरकारले संवेदनशील कृषि उत्पादन, दुग्ध र कुखुरापालनलाई सम्झौताको दायराबाट बाहिर राखिएको भन्दै किसानहरूको चासो हटाउन खोजेको छ ।

कृषि क्षेत्रले विश्वको सबैभन्दा बढी जनसङ्ख्या भएको राष्ट्र भारतमा ४५ प्रतिशतभन्दा बढी मानिसलाई धान्न मद्दत गर्दछ, जसले यसलाई शक्तिशाली सडक शक्ति भएको प्रभावशाली मतदाताको समूह बनाउँछ ।

व्यक्तिगत फार्महरू साना र प्राय: अनुत्पादक हुन्छन् र एकपछि अर्को भारतीय सरकारहरूले ऐतिहासिक रूपमा उनीहरूलाई विदेशी प्रतिस्पर्धाबाट जोगाउन हस्तक्षेप गर्दै आएका छन् ।

बिहीबार भएको प्रदर्शनले सन् २०२० र सन् २०२१ मा महिनौँको प्रदर्शनको सम्झना ताजा गरेको छ, जसमा किसानहरूले नयाँ दिल्लीको राजमार्गहरू अवरूद्ध गरेका थिए र राजधानीको ऐतिहासिक लाल किल्ला परिसरमा ट्याक्टर रोकेर विरोध प्रदर्शन गरेका थिए ।

विरोधको त्यो लहरले सरकारलाई यस क्षेत्रमा सुधार गर्ने उद्देश्यका कानुनहरू फिर्ता लिन दबाब सिर्जना गरेको छ ।

सिद्धि गणेश कर्नर
हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

संस्थाको किस्ताबन्दी ऋण उपयोग गरौं

वार्षिक ६.५% ब्याजदरमा

हाललाई रू. ५० लाख सम्मको लगानी


♦ सदस्यहरूको आवश्यकता पूर्तिका लागि निश्चित समय अन्तरालमा किस्ताबन्दी भुक्तानी गर्न ।
♦ मासिक किस्ताबन्दी भुक्तानीमा १५ वर्षसम्मको अवधि ।
♦ त्रैमासिक किस्ताबन्दी भुक्तानीमा १० वर्षसम्मको अवधि ।
* सर्तहरू लागु हुनेछ ।

संस्थाको ऋण सुविधा उपयोग गरौं

पेसागत ऋण

वार्षिक ८.५% ब्याजदरमा

♦ विभिन्न पेसामा संलग्न सदस्यहरूको घरायसी तथा व्यवसायिक आर्थिक समस्या बिनाधितो समाधान गर्न ।
♦ हाल अधिकतम **पाँच लाख**सम्मको लगानी
* सर्तहरू लागू हुनेछ ।



'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रयातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"
श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा-४, भक्तपुर, फोन.नं. ६६११३६४

सूचना ! सूचना !! सूचना !!!

उपरोक्त सम्बन्धमा सहकारी ऐन, नियमाअनुसार संस्थामा आबद्ध सदस्यहरूले गर्नुपर्ने मासिक नियमित बचत गर्नुहुन अनुरोध गर्दछ । यदि नियमित बचत नियमित नगरेमा २६ औं साधारणसभाको निर्णयअनुसार भुक्तानी दिनुपर्ने हिसाबमा राखी हिसाब राफसाफ हुने व्यहोरा अवगत गराइन्छ । सदस्य अद्यावधिक (KYM) फारम भर्न छुटेका सदस्यहरूले सदस्यता अद्यावधिक गरिदिनुहुन अनुरोध गर्दछ । ऋणी सदस्यले नियमित रूपमा बुझाउनुपर्ने साँवा, ब्याज, किस्ता समयमै भुक्तानी गरिदिनुहुनसमेत अनुरोध गर्दछ ।

ब्याजदर परिवर्तनसम्बन्धी सूचना ।

मिति २०८२ फागुन १ गतेदेखि तपसिलबमोजिम ब्याजदर कायम हुने ब्यहोरा सम्बन्धित सबै सदस्यहरूमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बचत शीर्षक | | | |
|---|---|---|---|
| क्र.सं. | बचत खाता | ब्याजदर | संशोधित ब्याजदर |
| १. | नियमित बचत | ५ | ४.५ |
| २. | बाल बचत | ४ | ४ |
| ३. | खुत्रुके बचत | ३.५ | २ |
| ४. | महशुल बचत | ३.५ | २ |
| ५. | गहना बचत | ३.५ | २ |
| ६. | सवारी साधन बचत | ३.५ | २ |
| ७. | शैक्षिक बचत | ३.५ | २ |
| ८. | ऐच्छिक बचत | २ | १ |
| ९. | स्वास्थ्य बचत | ३.५ | २ |
| १०. | बीमा बचत | ३.५ | २ |
| ११. | दैनिक बचत | २.५ | १.५ |
| १२. | घर निर्माण बचत | ३.५ | २ |

| ऋण शीर्षक | सहुलियत ऋण |
|---|---|
| समयावधि | १ देखि १० वर्षसम्म |
| ब्याजदर | ६ देखि ८ प्रतिशत |
| लगानी | ५० लाखसम्म |
| विशेषता | निश्चित समय अन्तरालमा किस्ताबन्दी भुक्तानी गर्नुपर्ने |
| प्राथमिकता | उत्पादनमूलक महिला तथा स्वरोजगारमुखी व्यवसायलाई प्राथमिकता दिने |
| सर्तहरू लागू हुनेछ । | |

| आवधिक बचत शीर्षक | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क्र.सं. | आवधिक बचत | ब्याजदर | | | संशोधित ब्याजदर | | |
| | | एकमुष्ट | त्रैमासिक | मासिक | एकमुष्ट | त्रैमासिक | मासिक |
| १. | ३ महिने | २.५ | | | १.५ | | |
| २. | ६ महिने | ३ | २.७५ | २.५ | २ | १.७५ | १.५ |
| ३. | १ वर्षे वा सोभन्दा माथि अवधिको | ४ | ३.७५ | ३.५ | ३ | २.५ | २ |
| ६८ वर्षका ज्येष्ठ सदस्यहरूको आवधिक बचतमा कायम ब्याजदरमा ०.२५ प्रतिशत थप हुनेछ । | | | | | | | |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा